
# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (मधेश प्रदेश)

## वार्षिक प्रतिवेदन

(आ.व.२०८०/०८१)




## नेपाल राष्ट्र बैंक
### जनकपुर कार्यालय

(२०८१ पुष)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मूल्य स्थिरता, मुद्राप्रदाय, कर्जा, सरकारी वित्त, वैदेशिक व्यापार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा तथ्याङ्क संकलन तथा विश्लेषण गरी सोको नियमित रुपले प्रकाशन गर्नुपर्ने व्यवस्थाबमोजिम देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरुको संकलन, अध्ययन एवम् विश्लेषण गरी सोसम्बन्धी प्रतिवेदन नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गर्नुको साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरुको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । मधेश प्रदेशको यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)"** मा आधारित भई तयार पारिएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशका ८ वटा जिल्लाहरूमध्ये जनकपुर कार्यालयअन्तर्गत (सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही) र वीरगञ्ज कार्यालयअन्तर्गत (रौतहट, बारा र पर्सा) सहितको आर्थिक वर्ष २०८०/८१ मा भएका आर्थिक गतिविधिहरुको तथ्याङ्क संकलन गरी सोको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरुको कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकासलगायत अर्थतन्त्रका प्रमुख क्षेत्रहरुसँग सम्बन्धित तथ्याङ्क, सोको विश्लेषण प्रतिवेदनमा समेटिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरुलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । प्रदेशका जिल्ला स्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषणसमेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा आगामी वर्षको परिदृश्यसमेत चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले मधेश प्रदेशको (८ वटा जिल्ला सहितको) प्रादेशिक आर्थिक अवस्था, विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा वार्षिक एवम् अर्ध-वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन सबैको जानकारीको लागि सार्वजनिक गरिएको छ । यसबाट मधेश प्रदेशलगायत अन्य सम्बद्ध निकायहरुलाई मधेश प्रदेशको प्रमुख आर्थिक परिसूचकहरुको बारेमा जानकारी प्राप्त गर्न र नीति निर्मातालाई उपयुक्त नीति बनाउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

निर्देशक

माधव दंगाल
नेपाल राष्ट्र बैंक
जनकपुर कार्यालय

## विषय सूची


पेज नं.

भूमिका ..... i

विषय सूची ..... ii

तालिका सूची ..... iv

चार्ट सूची ..... iv

कार्यकारी सारांश ..... v

परिच्छेद : १ परिचय ..... १-३

१.१ पृष्ठभूमि ..... १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन ..... १

१.३ अध्ययन प्रतिवेदनको सीमा ..... २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा ..... ३

परिच्छेद : २ प्रदेशको तुलनात्मक स्थिति ..... ४-८

२.१ कुल गार्हस्थ्य उत्पादन ..... ४

२.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति ..... ६

२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ..... ७

परिच्छेद : ३ कृषि क्षेत्र ..... ९-१७

३.१ कृषि उपजले ढाकेको भू–क्षेत्र ..... ९

३.२ कृषि उत्पादन ..... १०

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन ..... १२

३.४ सिँचाइ तथा मौसम ..... १४

३.५ क्षेत्रगत कृषि कर्जा ..... १४

३.६ सहुलियतपूर्ण कर्जा ..... १५

३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना ..... १५

परिच्छेद : ४ उद्योग क्षेत्र ..... १८-२१

४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन ..... १८

४.२ समग्र औद्योगिक कर्जा स्थिति ..... १९

४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति ..... १९

४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ..... २०

परिच्छेद : ५ सेवा क्षेत्र ..... २२-२७

५.१ पर्यटन ..... २२

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ..... २२

५.३ वित्तीय सेवा ........ २२
५.४ निक्षेप तथा कर्जा स्थिति ........ २३
५.५ यातायात ........ २४
५.६ शिक्षा स्वास्थ्य ........ २४
५.७ सेवा क्षेत्र कर्जा ........ २४
५.८ सहकारी क्षेत्र ........ २६
५.९ सेवा क्षेत्रको सम्भावना र चुनौती ........ २६

परिच्छेद : ६ पूर्वाधार र रोजगारी ........ २८-३३
६.१ पूर्वाधार क्षेत्र ........ २८
६.२ रोजगारी ........ २९
६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ........ ३१

परिच्छेद : ७ प्रादेशिक कार्यक्रम तथा योजना ........ ३४-३५
७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति ........ ३४
७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ........ ३४

परिच्छेदः ८ आर्थिक परिदृश्य ........ ३६-३८
८.१ प्रदेशको आर्थिक परिदृश्य ........ ३६

## तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ६ |
| तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | १० |
| तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | ११ |
| तालिका ३.३: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | १२ |
| तालिका ३.४: समीक्षा वर्षमा प्रदेशको पशुपंक्षीजन्य उत्पादन | १३ |
| तालिका ३.५: समीक्षा वर्षमा प्रदेशको माछा उत्पादन स्थिति (मे.टनमा) | १३ |
| तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा) | १४ |
| तालिका ३.७: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | १५ |
| तालिका ४.१: जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | १९ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | २२ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका सेवाहरू | २३ |
| तालिका ५.३: मधेश प्रदेशमा यातायातको साधनको नयाँ दर्ता स्थिति | २४ |
| तालिका ५.४: सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | २५ |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा) | २५ |
| तालिका ६.१: श्रम स्वीकृति लिनेहरूको संख्या | ३० |
| तलिका ७.१ मधेश प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति | ३४ |


## चार्ट सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | ४ |
| चार्ट २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ५ |
| चार्ट २.३: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा) | ५ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल | ९ |
| चार्ट ३.२: सिँचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा) | १४ |
| चार्ट ४.१ नमुना छनोटमा परेका उद्योगहरुको क्षमता उपयोगिता (प्रतिशतमा) | १८ |
| चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा) | २० |
| चार्ट ५.१: निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा) | २३ |
| चार्ट ५.२ पूँजी, बचत र ऋण लगानीको अवस्था (दश लाखमा) | २६ |

# कार्यकारी सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरूमा भएका आर्थिक गतिविधिहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको तथ्याङ्कका आधारमा तयार गरिएको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार रहेको छ।

**समष्टिगत आर्थिक स्थिति**

१. आर्थिक वर्ष २०८०/०८१ को कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५७ खर्ब ५ अर्ब रहने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको छ। त्यस्तै, मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.७ खर्ब ४८ अर्ब रहने अनुमान छ।

२. आर्थिक वर्ष २०८०/०८१ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ता मूल्यमा ३.८७ प्रतिशत रहने तथा कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान १३.१ प्रतिशत रहने प्रारम्भिक अनुमान रहको छ।

३. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि वन तथा मत्स्य क्षेत्रको (३५.१९ प्रतिशत) रहेकोमा सबैभन्दा कम योगदान खानी तथा उत्खन्न क्षेत्रको (०.१५ प्रतिशत) रहेको छ।

**कृषि**

१. समीक्षा अवधिमा प्रदेशमा खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफलमा ५.१९ प्रतिशतले वृद्धि भएको छ भने फलफूल तथा मसलाले ओगटेको क्षेत्रफलमा ४.३४ प्रतिशतले र तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफलमा १.७० प्रतिशतले कमी आएको छ।

२. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा ५.६६ प्रतिशत कमी आएको छ भने तरकारी तथा बागवानी उत्पादनमा ५.१० प्रतिशत, फलफूल उत्पादनमा ३०.७३ प्रतिशत र मसला उत्पादनमा ८.२० प्रतिशतले वृद्धि भएको छ।

३. समीक्षा अवधिमा पशुजन्य उत्पादनतर्फ दूधको उत्पादनमा १.९३ प्रतिशत, मासुको उत्पादनमा २.९८ प्रतिशत, अण्डाको उत्पादनमा २.७९ प्रतिशत र माछाको उत्पादनमा ५.५० प्रतिशतले वृद्धि भएको छ। वनजन्य उत्पादनअन्तर्गत काठको उत्पादन २१.४५ प्रतिशत र दाउराको उत्पादन १६.११ प्रतिशतले घटेको छ।

४. समीक्षा अवधिमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.६४ अर्ब ९१ करोड कर्जा प्रवाह भएको छ, जुन कुल कर्जाको १३.५६ प्रतिशत हो।

**उद्योग**

५. समीक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ५१.०३ प्रतिशत रहेको छ।

६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा ११.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २१ अर्ब ८७ करोड कायम भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा रु.१ खर्ब ९ अर्ब ५९ करोड रहेको थियो।

७. मधेश प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५३.६८ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३४.५५ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स एवम् धातुका सामानको उत्पादनतर्फ ४.४७ प्रतिशत, निर्माण उद्योगतर्फ ५.६७ प्रतिशत, खानी उद्योगतर्फ १.२५ प्रतिशत र विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.४६ प्रतिशत कर्जा प्रवाह भएको छ।

**सेवा**

८. समीक्षा अवधिमा मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्यामा १२.३८ प्रतिशतले कमी आएको छ भने पर्यटकको आगमनमा १४.३४ प्रतिशतले वृद्धि भएको छ ।

९. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ३.३१ प्रतिशतले कमी आएको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्व १७.१७ प्रतिशतले वृद्धि भएको छ ।

१०. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूले संकलन गरेको कुल निक्षेप १७.८८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४९ अर्ब ४५ करोड पुगेको छ भने यस प्रदेशमा प्रवाह गरेको कर्जा ३.९८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ७८ अर्ब ५३ करोड पुगेको छ ।

**पूर्वाधार र रोजगारी**

११. मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् । उपर्युक्त आयोजनाहरुमध्ये हुलाकी सडक मार्गको निर्माणको गति तुलनात्मक रुपमा तीव्र रहेको छ ।

१२. आर्थिक वर्ष २०८०/०८१ को अन्त्यसम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ७२ हजार ८ सय ६१ रहेको छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २३.३२ प्रतिशत हो ।

# परिच्छेद-१ परिचय

## १.१ पृष्ठभूमी

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ । सोहीबमोजिम नेपाल राष्ट्र बैंक प्रदेश कार्यालय जनकपुरले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को वार्षिक विवरणमा आधारित रहेको छ ।

विगतमा तोकिएका जिल्लाहरूबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तयार गर्ने प्रचलन रहेकोमा मुलुक संघीय संरचनामा गएपश्चात् प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने आवश्यकता देखियो । फलस्वरुपः आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ तयार गरी मार्गदर्शनमा उल्लेख भएबमोजिम मुलुकका सबै जिल्लाहरूबाट तथ्याङ्क संकलन हुने गरी प्रदेश भित्रका जिल्लाहरूबाट नेपाल राष्ट्र बैंकका प्रदेश कार्यालयहरूले तथ्याङ्क सङ्कलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्ने गरेको छ । सो अनुसार मधेश प्रदेशको जनकपुर कार्यालयबाट सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही तथा वीरगञ्ज कार्यालयबाट रौतहट, बारा, पर्सा समेत ८ जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

- यस प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगतिसमेत समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरणसमेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त यस आर्थिक वर्षमा मधेश प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आर्थिक परिदृश्यसमेत समावेश गरिएको छ। उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुरको अवस्था, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-विजलपुरा, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पूर्व–पश्चिम रेलमार्ग, राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरणका बारेमा समेत यस अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

- नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन,२०७९ सहित) अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

- प्रतिवेदनमा कृषिसम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। त्यस्तै, मुख्य खाद्य बालीसम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ । प्रदेशस्थित सरकारी निकायहरूबाट प्रदेशमा कृषि उपजले ओगटेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ ।

- औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ्ग क्षेत्रअन्तर्गत कृषि,

उद्योग र सेवा क्षेत्रमा जिल्लागत रुपमा प्रवाह भएको कर्जा, निक्षेप संकलन, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूले NRB Supervisory Information System (SIS) मार्फत नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ। साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्व रकम भूमि व्यवस्था तथा अभिलेख विभाग बबरमहल, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई सम्प्रेषण भएको र सोसम्बन्धी तथ्याङ्क आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ।

- सेवा क्षेत्रअन्तर्गत पर्यटन गतिविधिसम्बन्धी विवरण नमूना छनौटमा परेका १२ होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घरजग्गा नक्शापासको तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट तथा पूर्वाधारसम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरुबाट समेत लिइएको छ। यातायाततर्फको सवारी संख्यासम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरूबाट विवरण संकलन गरिएको छ।

- पूर्वाधार क्षेत्रअन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनासम्बन्धी विवरण लिँदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

- नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आएपश्चात् तथ्याङ्क प्रदायक निकायहरूको समेत पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन। फलस्वरुप: कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन। कृषिसम्बन्धी तथ्याङ्क जिल्लाका कृषि ज्ञान केन्द्र तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र सडक पूर्वाधारको तथ्याङ्क सडक विभागले उपलब्ध गराएको विवरणको आधारमा प्रतिवेदन तयार गरिएको छ।

- यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूको प्रशासनिक तथा केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन। प्रदेशमा स्थापित नयाँ उद्योगहरू तथा कतिपय भइरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ। उद्योगहरुबाट समयमा तथ्याङ्क उपलब्ध हुन नसक्दा प्रतिवेदन तोकिएको समयमा सम्पन्न गर्न कठिनाई हुने गरेको छ। यथार्थपूर्ण विश्लेषणको लागि पर्याप्त, गुणस्तरीय तथा भरपर्दो तथ्याङ्कको उपलब्धतामा समेत समस्या हुने गरेको छ।

- भौतिक निर्माणतर्फ गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले सोसम्बन्धी तथ्याङ्क पूर्ण हुन सकेको छैन।

- सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमुना छनौटमा परेका सीमित होटलहरूबाट प्राप्त विवरणलाई पर्यटन गतिविधिको विश्लेषणका लागि आधार मानिएको छ।

### १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ८ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रतिवेदनको परिचय, यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति र हालको अवस्था बारे उल्लेख गरिएको छ ।

त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ। परिच्छेद ७ मा प्रदेशिक कार्यक्रम तथा आयोजना र परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

# परिच्छेद-२ प्रदेशको तुलनात्मक स्थिति

## २.१ कुल गार्हस्थ्य उत्पादन

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको तथ्याङ्कबमोजिम आर्थिक वर्ष २०८०/०८१ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५७ खर्ब ५ अर्ब पुग्ने अनुमान गरिएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.१० प्रतिशत, १३ प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १३.१२ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान गरिएको छ।


### २.१.१ कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर ३.७८ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.७ खर्ब ४८ अर्ब पुग्ने अनुमान छ। समीक्षा अवधिमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.३, १०.८ र ५३.९ प्रतिशत रहने अनुमान गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशन भएको अनुमानित विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी ३५.३ प्रतिशत योगदान मधेश प्रदेशको रहने अनुमान छ। त्यसैगरी, उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशको १६.८ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशको ७७.४ प्रतिशत रहेको छ।

प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशको १२ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, उद्योग क्षेत्रको योगदान सबैभन्दा कम कर्णाली प्रदेशको ९.५ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा कम योगदान कोशी प्रदेशको ५०.९ प्रतिशत रहेको छ। मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.३ प्रतिशत, १०.७ प्रतिशत र ५३.९ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**





स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

### २.१.२ कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०८०/०८१ को अनुमानित कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.५७ खर्ब ५ अर्ब रहने अनुमान रहेकोमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.३६ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.२८ं प्रतिशत तथा मधेश प्रदेशको हिस्सा १३.१२ प्रतिशत रहेको अनुमान छ । यस सम्बन्धी विवरण चार्ट २.२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)**





स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

### २.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर

आ.व.२०८०/०८१ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उपभोक्ता मूल्यमा ३.७८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । प्रदेशगत रुपमा हेर्दा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबैभन्दा बढी गण्डकी प्रदेशमा ४.५५ प्रतिशत रहने अनुमान छ भने सबैभन्दा कम वृद्धिदर कर्णाली प्रदेशमा ३.३९ प्रतिशत रहने अनुमान छ (चार्ट २.३) ।

**चार्ट २.३ : प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)**




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

## २.२ प्रदेशगत वित्तीय पहुँच, वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

आर्थिक वर्ष २०८०/०८१ मा कुल निक्षेप परिचालनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ६६.७२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.१६ प्रतिशत मात्र रहेको छ । कुल निक्षेप परिचालनमा मधेश प्रदेशको अंश ५.३९ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५७.८० प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.१५ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा मधेश प्रदेशको अंश ९.२७ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३४.५६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.५५ प्रतिशत रहेको छ । मधेश प्रदेशमा कृषि क्षेत्रमा १८.६६ प्रतिशत प्रवाह भएको देखिन्छ। विपन्न वर्गमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ४७.२६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.४१ प्रतिशत रहेको छ । विपन्न वर्गमा प्रवाहित कर्जा मधेश प्रदेशमा ११.०२ प्रतिशत रहेको छ। सहुलियतपूर्ण कर्जातर्फ सबैभन्दा बढी बागमती प्रदेशमा ३५.२२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा १.५७ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सहुलियतपूर्ण कर्जाको अंश १२.९१ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११,३५२ रहेको छ । यसमध्ये सबैभन्दा बढी शाखा संख्या बागमती प्रदेशमा ३,०३८ रहेको छ र सबैभन्दा कम कर्णाली प्रदेशमा ४७५ रहेको छ। समीक्षा अवधिमा मधेश प्रदेशमा बैंक वित्तीय संस्थाहरूको शाखा संख्या १,५७९ रहेको छ । मोबाईल बैंकिङ्ग प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा ६६,१६,४६५ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ५,१९,९२१ रहेको छ। मधेश प्रदेशमा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता १७,५५,५५६ रहेका छन्। इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ६,६८,६७२ र सबैभन्दा कम कर्णाली प्रदेशमा १५,२९१ रहेको छ । इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता मधेश प्रदेशमा ९०,३०३ रहेको छ। डेबिड कार्ड र क्रेडिट कार्ड प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ । समीक्षा अवधिमा सबैभन्दा बढी पुनरकर्जाको प्रवाह बागमती प्रदेशमा २६.८६ र सबैभन्दा कम कर्णाली प्रदेशमा २.४५ प्रतिशत तथा मधेश प्रदेशमा ८.९९ प्रतिशत भएको छ। त्यस्तै, समीक्षा अवधिमा सबैभन्दा बढी शाखारहित बैकिङ्ग सेवा कोशी प्रदेशमा २७३ र सबैभन्दा कम कर्णाली प्रदेशमा २८ तथा मधेश प्रदेशमा १३६ रहेको छ। यस सम्बन्धी विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१ : वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति**

| विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश (%) | ७.३७ | ५.३९ | ६६.७२ | ८.२४ | ८.८२ | १.१६ | २.३० |
| कुल कर्जामा अंश (%) | ११.२१ | ९.२७ | ५७.८० | ६.७६ | १०.८६ | १.१५ | २.९६ |
| कृषि कर्जाको अंश (%) | १७.२२ | १८.६६ | ३४.५६ | ८.१७ | १५.०९ | १.५५ | ४.७५ |
| विपन्न क्षेत्र कर्जा (%) | १५.०३ | ११.०२ | ४७.२६ | ९.९९ | १२.१२ | १.४१ | ३.१६ |
| सहुलियतपूर्ण कर्जाको अंश (%) | १५.९८ | १२.९१ | ३५.२२ | १३.४७ | १५.४३ | १.५७ | ५.४१ |
| पुनरकर्जाको अंश (%) | ३.८१ | ८.९९ | २६.८६ | १४.५४ | ३१.५३ | २.४५ | ११.८१ |
| शाखा संख्या (क,ख,ग र घ वर्ग) | १,८३७ | १,५७९ | ३,०३८ | १,४०० | २,१७५ | ४७५ | ८४८ |
| शाखा रहित बैकिङ्ग सेवा | २७३ | १३६ | १९५ | १२७ | १९९ | २८ | १७१ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता | २३,५६,९८२ | १७,५५,५५६ | ६६,१६,४६५ | १८,८९,७८७ | २६,६३,५७८ | ५,१९,९२१ | १०,५६,००१ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता | १,२५,६९४ | ९०,३०३ | ६,६८,६७२ | १,५५,३४१ | १,८२,२६४ | १५,२९१ | ३७,२७२ |
| ए.टि.एम. मेशिन | ६८१ | ५०१ | २,३४२ | ६०५ | ७०१ | १११ | २५२ |

स्रोत : नेपाल राष्ट्र बैंक

### २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

#### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा यस प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै (३५.१९ प्रतिशत) योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको रहने अनुमान गरिएको छ भने सबैभन्दा न्यून (०.१५ प्रतिशत) योगदान खानी तथा उत्खनन् क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। भौगोलिक हिसाबले समतल भू-भागमा अवस्थित रहेको मधेश प्रदेश आर्थिक क्रियाकलापका दृष्टिकोणले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावना रहेको छ । समष्टिगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका सम्भावनाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- समतल भूभाग रहेकोले यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मक रुपमा सहज तथा कम खर्चिलो हुने। मुलुकको कुल जनसंख्याको करिब २०.९७ प्रतिशत जनसङ्ख्या बसोबास गर्ने भएकोले औद्योगिक उत्पादन र खपतका लागि बजार उपलब्ध हुनुको साथै सस्तो श्रमशक्ति तथा श्रमबजारको समेत पहुँच रहेको छ । कृषियोग्य भूमिको प्रचुरता तथा वैदेशिक व्यापारको लागि मुख्य प्रस्थान विन्दुसमेत भएको कारणले मधेश प्रदेशमा कृषिको अतिरिक्त, शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता सेवा क्षेत्र र औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।

- यो प्रदेश भारतीय सीमासँग जोडिएकोले उत्पादनशील उद्योग तथा कलकारखानाहरू स्थापना गरी उत्पादित वस्तु भारततर्फ निकासी गर्न तुलनात्मक रुपले निकै सहज रहेको छ ।

- मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण भारतीय पर्यटकहरूको उल्लेख्य आवागमन हुने गर्दछ। प्रसिद्ध जानकी मन्दिर, धनुषधाम मन्दिर, गढिमाई मन्दिर, कंकालनी मन्दिर, छिनमस्ता भगवती मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।

- धेरै तालतलैया तथा पोखरीहरू रहेको जनकपुरधाम जस्तो शहर मधेश प्रदेशमा रहेकोले यहाँ स्थित पोखरीहरूको सरसफाई, विभिन्न प्रकारका जलचर पालन, जलक्रिडाको लागि पूर्वाधार विकास तथा सडकपूर्वाधार सुधार, नगरको सरसफाई र गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी जल मनोरञ्जन जस्ता क्रियाकलापमा वृद्धि गर्न सके यहाँ आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

- सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्मित भरत ताल मुलुककै ठूलो मानव निर्मित जलाशय रहेको र यो ताल, ठूला जलाशय नभएको भारतीय राज्य बिहार नजिकै रहेकोले यहाँ भारतीय नागरिकहरूलाई समेत आकर्षण गरी पर्यटन विकास तथा आर्थिक गतिविधि बढाउनुका साथै भारतीय मुद्रा आर्जनको राम्रो स्रोत बन्न सक्ने सम्भावना रहेको छ । मुलुककै ठूलो नदी सप्तकोशी, मधेश प्रदेशको सीमा हुँदै बगेकोले नदीमा जल मनोरञ्जन गर्ने सुविधा विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

- मधेश प्रदेशलाई जयनगर, जनकपुर भंगहा रेलवे सेवाले भारतीय सीमासँग जोडेकोले यहाँ उत्पादित सामानहरू भारततर्फ निकासी गर्नुका साथै भारतीय पर्यटकहरूको आवागमनमा वृद्धि भई सोबाट लाभ लिन सकिने सम्भावना रहेको छ ।

- प्रदेश नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालय स्थापना भएको छ । संग्रहालय अवलोकन गर्न आउने पर्यटकलाई आकर्षित गर्नुका साथै प्रशस्त माछा पालन हुने यस प्रदेशमा मत्स्य पर्यटनसँग सम्बन्धित क्रियाकलापसमेत वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

### २.३.२ प्रादेशिक चुनौतीहरु

- वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नका लागि शहरी क्षेत्रका सडकमा जताततै थुप्रने फोहोर व्यवस्थापन गर्नु ।

- मधेश प्रदेशमा अवस्थित जनकपुर र वीरगञ्ज जस्ता ठूला र व्यापारिक शहरलाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न शैक्षिक गुणस्तरमा सुधार गर्नु ।

- माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर जस्ता मत्स्य विकास केन्द्रहरू तथा मधेश प्रदेशको अन्य स्थानहरूमा माछा उत्पादन क्षमता थप अभिवृद्धि गर्नु ।

- भौगोलिक दृष्टिले सुगम रहेको मधेश प्रदेशको तुलनात्मक लाभ लिँदै ओद्योगिक विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान अभिवृद्धि गर्नु ।

- परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु, कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु ।

- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु ।

- वैदेशिक रोजगारीमा रहेका युवाहरूबाट प्राप्त विप्रेषणलाई स्थानीय तहको समन्वयमा उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु ।

- मधेश प्रदेशमा रहेका धार्मिक तथा साँस्कृतिक क्षेत्रको फाईदा लिँदै प्रचुर सम्भावना बोकेको यहाँको पर्यटन क्षेत्रको विकास गर्न, जानकी मन्दिर, पर्सा वन्यजन्तु आरक्षण, नजिकै रहेको कोशी टप्पु वन्यजन्तु आरक्षण, सिन्धुलीको युद्ध संग्रहालय, भरत ताल लगायतका क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्नु ।

- मधेश प्रदेशमा वित्तीय साक्षारता अभिवृद्धि गरी सीमान्तकृत वर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्नु ।

- मधेश प्रदेशमा हुने आर्थिक गतिविधिलाई औपचारिकीरण गर्न प्रोत्साहित गरी राजश्वको दायरा बढाउनु ।

- सीमामा हुने अवैद्य पैठारीलाई नियन्त्रण गरी स्थानीय बजार र राष्ट्रिय कराधारको संरक्षण गर्नु ।

# परिच्छेद-३ कृषि क्षेत्र


## ३.१ प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र

समीक्षा अवधिमा मधेश प्रदेशमा प्रमुख कृषि बालीहरू अन्तर्गत खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसलाले ओगटेको भूभाग ३.९९ प्रतिशतले वृद्धि भई १० लाख ४४ हजार ७ सय ५६ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा ०.७६ प्रतिशतले कमी भई १० लाख ४ हजार ६ सय २३ हेक्टर रहेको थियो ।

### ३.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा समग्र खाद्य तथा अन्य बाली अन्तर्गत धान, मकै, गहुँ, जौ, कोदो, फापर, आलु, उखु, भटमास, सुर्ती, सनपाट, दलहन, तेलहन आदि बालीले ओगटेको भू-भागमा ५.१९ प्रतिशतले वृद्धि भई ८ लाख ६८ हजार ४ सय १ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा समग्र खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफलमा २.१५ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा धान बालीले ओगटेको क्षेत्रफलमा २.०९ प्रतिशत, गहुँले ओगटेको क्षेत्रफल ११.४३ प्रतिशत, आलुले ओगटेको क्षेत्रफल ४.०१ प्रतिशत, उखुले ओगटेको क्षेत्रफल २३.२४ प्रतिशत र तेलहनले ओगटेको क्षेत्रफल २३.२० प्रतिशतले वृद्धि भएको छ। तर, मकैले ओगटेको क्षेत्रफल ३.४५ प्रतिशत र दलहन बालीले ओगटेको क्षेत्रफलमा ४.६५ प्रतिशतले कमी आई क्रमशः ५४ हजार २ सय ७२ हेक्टर र ९७ हजार ७ सय ५२ हेक्टरमा खेती भएको छ। समीक्षा अवधिमा सिरहा, धनुषा, सर्लाही जिल्लामा धान बालीले ओगटेको क्षेत्रफलमा क्रमशः २.४० प्रतिशत, ०.१४ प्रतिशत र २.२१ प्रतिशतले कमी आएको छ भने सप्तरी, महोत्तरी, रौतहट र बारामा क्रमशः १८.६४ प्रतिशत, १९.२४ प्रतिशत, १.१३ प्रतिशत र ५.१९ प्रतिशतले वृद्धि भएको देखिन्छ। समीक्षा अवधिमा मधेश प्रदेशमा खाद्य तथा अन्य बालीले ओगटेको भू-क्षेत्रलाई चार्ट नं. ३.१ मा प्रस्तुत गरिएको छ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हेक्टरमा)**




स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १.७० प्रतिशतले कमी आई ९७ हजार १ सय ५१ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १०.७२ प्रतिशतले वृद्धि भई ९८ हजार ८ सय ३५ हेक्टरमा खेती भएको थियो। तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफल महोत्तरी जिल्लामा सबैभन्दा बढी २१ हजार हेक्टर अर्थात् मधेश प्रदेशमा तरकारी तथा बागवानीले ढाकेको कुल क्षेत्रफलको २१.६२ प्रतिशत र पर्सा जिल्लामा सबैभन्दा कम ४ हजार ४ सय ७५ हेक्टर अर्थात् मधेश प्रदेशमा तरकारी तथा बागवानीले ढाकेको कुल क्षेत्रफलको ४.६० प्रतिशत रहेको छ। यससम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| क्र.सं. | जिल्ला | आ.व. २०७९/८० | आ.व. २०८०/०८१ | (हिस्सा प्रतिशत) आ.व.२०८०/०८१ |
|---|---|---|---|---|
| १ | सप्तरी | ११,००० | ११,२०० | ११.५३ |
| २ | सिराहा | ११,८४५ | ११,९१० | १२.२६ |
| ३ | धनुषा | ८,६३० | ८,६५० | ८.९० |
| ४ | महोत्तरी | २३,००० | २१,००० | २१.६२ |
| ५ | सर्लाही | १७,३२० | १७,३५० | १७.८६ |
| ६ | रौतहट | १०,८०० | १०,७१६ | ११.०३ |
| ७ | बारा | ११,७९० | ११,८५० | १२.१९ |
| ८ | पर्सा | ४,४५० | ४,४७५ | ४.६० |
| | जम्मा | ९८,८३५ | ९७,१५१ | १०० |

(स्रोतः सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र)

### ३.१.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफलमा ४.३४ प्रतिशतले कमी आई ६४ हजार ४ सय १४ हेक्टर कायम भएको छ। फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये आँपले ढाकेको क्षेत्रफलमा ५.८४ प्रतिशत कमी आएको देखिन्छ भने केराखेतीले ढाकेको क्षेत्रफलमा २.३६ प्रतिशत वृद्धि भएको देखिन्छ। मसला (अदुवा, बेसार आदि) ले ढाकेको क्षेत्रफलमा १३.३६ प्रतिशतले वृद्धि भएको देखिन्छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको भू-क्षेत्रफल २.४५ प्रतिशतले वृद्धि भई १३ हजार ९ सय ३० हेक्टरमा खेती भएको थियो।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ०.३३ प्रतिशतले कमी आई ६० लाख ३३ हजार ७ सय २२ मे.टन उत्पादन भएको अनुमान छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीको कुल उत्पादनमा ५.९८ प्रतिशतले कमी आएको थियो।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी सर्लाही जिल्लाको हिस्सा २२.०६ प्रतिशत र सबैभन्दा कम धनुषा जिल्लाको हिस्सा ७.५३ प्रतिशत रहेको छ। तरकारी तथा बागवानीतर्फ सबैभन्दा बढी महोत्तरी जिल्लाको हिस्सा २३.९४ प्रतिशत र सबैभन्दा कम पर्सा जिल्लाको हिस्सा ५.५२ प्रतिशत रहेको छ। फलफूल तथा मसालातर्फ सबैभन्दा बढी सप्तरी जिल्लाको हिस्सा २६.७२ प्रतिशत रहेको छ। समग्रमा, मधेश प्रदेशको धानको उत्पादनमा ३.६८ प्रतिशत, मकैको उत्पादनमा ११.४४ प्रतिशत, उखुको उत्पादनमा ३.४१ प्रतिशत, दलहनको उत्पादनमा १७.२५ प्रतिशत, आलुको उत्पादनमा २१.४९ र गहुँको उत्पादनमा २.४२ प्रतिशतले कमी आएको छ भने कोदो र तेलहनको उत्पादनमा क्रमशः ७.६७ प्रतिशत र २२.२४ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कोदो र उखुको उत्पादन क्रमशः १८.८३ प्रतिशत र ३३.१८ प्रतिशतले घटेको थियो भने धानको उत्पादन ०.१८ प्रतिशत, गहुँको उत्पादन १०.७१ प्रतिशत, दलहनको उत्पादन १५.४७ प्रतिशत र तेलहनको उत्पादन १९.३५ प्रतिशतले वृद्धि भएको थियो। मधेश प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादनसम्बन्धी विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा)**

| क्र.सं. | जिल्ला | आ.व. २०८०/०८१ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खाद्य तथा अन्य बाली | हिस्सा % | तरकारी तथा बागबानी | हिस्सा % | फलफूल तथा मसला | हिस्सा % |
| १ | सप्तरी | ३२५९८५ | ८.२८ | १३४४०० | १०.०५ | २,०३,३२५ | २६.७२ |
| २ | सिराहा | ४६००३८ | ११.६९ | १२०५०० | ९.०१ | १,४५,४४० | १९.११ |
| ३ | धनुषा | २९६२५४ | ७.५३ | १०३८०० | ७.७६ | ४८,३८६ | ६.३६ |
| ४ | महोत्तरी | ४४४४८३ | ११.२९ | ३,२०,००० | २३.९४ | ६१,४६० | ८.०८ |
| ५ | सर्लाही | ८६८१२० | २२.०६ | २,६०,२५० | १९.४७ | १,१९,७०० | १५.७३ |
| ६ | रौतहट | ३७९२८३ | ९.६४ | १,४७,६१६ | ११.०४ | ८३,४८० | १०.९७ |
| ७ | बारा | ६८०७५८ | १७.३० | १,७६,३३० | १३.१९ | ९१,०२१ | ११.९६ |
| ८ | पर्सा | ४८१०७९ | १२.२२ | ७३,८३८ | ५.५२ | ८,१७८ | १.०७ |
| | जम्मा | ३९३५९९९ | १००.०० | १३,३६,७३४ | १००.०० | ७,६०,९९० | १००.०० |

(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र)

### ३.२.२ तरकारी तथा बागवानी

मधेश प्रदेशमा समीक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादनमा ५.१० प्रतिशतले वृद्धि भई १३ लाख ३६ हजार ७ सय ३४ मे. टन उत्पादन भएको अनुमान छ। उत्पादित तरकारीमध्ये सबैभन्दा बढी महोत्तरी जिल्लामा ३ लाख २० हजार मेट्रिक टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको २३.९४ प्रतिशत उत्पादन भएको छ भने पर्सा जिल्लामा सबैभन्दा कम ७३ हजार ८ सय ३८ मेट्रिक टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ५.५२ प्रतिशत उत्पादन भएको अनुमान छ। गत वर्षको सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन ९.८८ प्रतिशतले वृद्धि भएको थियो। यससम्बन्धी विवरण तालिका नं.३.३ मा प्रस्तुत गरिएको छ।

| तालिका ३.३ :मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | | | | |
|---|---|---|---|---|
| क.सं. | **जिल्ला** | **आ.व. २०७९/८०** | **आ.व. २०८०/८१** | **आ.व. २०८०/८१ हिस्सा (प्रतिशत)** |
| १ | सप्तरी | १,३२,००० | १,३४,४०० | १०.०५ |
| २ | सिराहा | १,२०,०८४ | १,२०,५०० | ९.०१ |
| ३ | धनुषा | १,०२,२१५ | १,०३,८०० | ७.७६ |
| ४ | महोत्तरी | २,९९,००० | ३,२०,००० | २३.९४ |
| ५ | सर्लाही | २,६०,२५० | २,६०,२५० | १९.४७ |
| ६ | रौतहट | १,११,५०३ | १,४७,६१६ | ११.०४ |
| ७ | बारा | १,७४,२०३ | १,७६,३३० | १३.१९ |
| ८ | पर्सा | ७२,६०० | ७३,८३८ | ५.५२ |
| | जम्मा | १२,७१,८५५ | १३,३६,७३४ | १००.०० |

स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र

### ३.२.३ फलफूल तथा मसला

समीक्षा अवधिमा मसलाको उत्पादन ८.२० प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादनमा २४.१५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा फलफूलको उत्पादन ३४.४६ प्रतिशतले वृद्धि भएको छ भने गत वर्षको उत्पादन ६.९५ प्रतिशतले कमी आएको थियो । फलफूलमध्ये आँप उत्पादनमा वृद्धि भएको छ भने केराको उत्पादनमा कमी आएको छ। समीक्षा अवधिमा मसलामध्ये लसुन, प्याज र अदुवाको उत्पादन गत बर्षको तुलनामा वृद्धि भएको छ भने बेसारको उत्पादनमा कमी आएको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छीजन्य उत्पादन :

समीक्षा अवधिमा मधेश प्रदेशमा दूधको उत्पादन १.९३ प्रतिशतले वृद्धि भई ६ लाख ५४ हजार १ सय २३ लिटर, मासुको उत्पादन २.९८ प्रतिशतले वृद्धि भई १ लाख ४३ हजार ६ सय ७० मेट्रिक टन, अण्डाको उत्पादन २.७९ प्रतिशतले वृद्धि भई १० करोड ६९ लाख ३९ हजार गोटा र ऊन उत्पादनमा १ प्रतिशतले वृद्धि भई १ हजार ८ सय २२ के.जी. उत्पादन भएको अनुमान छ भने छालाको उत्पादनमा १.९० प्रतिशतले कमी आई ७६ हजार ८ सय ४९ वर्ग मिटर उत्पादन भएको छ । गत वर्षको सोही अवधिमा दूधको उत्पादन १.६८ प्रतिशत, मासुको उत्पादन १.३७ प्रतिशत र अण्डाको उत्पादन १.८८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल दूध उत्पादनमध्ये सिरहा जिल्लाको हिस्सा सबैभन्दा बढी २०.४४ प्रतिशत रहेको छ भने सप्तरी जिल्लाको हिस्सा सबैभन्दा कम ७.८३ प्रतिशत रहेको छ । पशुपन्छीजन्य उत्पादनसम्बन्धी विवरण तालिका ३.४ मा प्रस्तुत गरिएको छ।

| जिल्ला | दुध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
| सप्तरी | ५०,११६ | ५१,२०९ | ११,३३७ | ११,५३१ | ३४,९८५ | ३५,९३३ |
| सिराहा | १,२९,९२५ | १,३३,७२५ | १३,८०३ | १४,४८० | ८,८१८ | ८,९४१ |
| धनुषा | ४१,०८७ | ४२,८९१ | ४,७५८ | ४,८३७ | २,६२४ | २,८१७ |
| महोत्तरी | ८१,४२३ | ८१,५१९ | १९,४४५ | १९,४६९ | ९,००४ | ९,०७१ |
| सर्लाही | ८४,९७२ | ८७,५२१ | २२,१५० | २३,२९५ | ८,५८३ | ८,८६६ |
| रौतहट | ५२,२९४ | ५३,२०४ | १५,९७९ | १६,४७९ | ५,०३६ | ५,२६३ |
| बारा | ७९,२१३ | ८०,१२४ | १३,७३७ | १३,९७० | १९,७७९ | २०,९०० |
| पर्सा | १,२२,७०३ | १,२३,९३० | ३८,३०९ | ३८,८८४ | १५,२०५ | ११,७३४ |
| जम्मा | ६,४१,७३३ | ६,५४,१२३ | १,३७,६३६ | १,३९,५१८ | १,०४,०३३ | १,०६,९३९ |

**तालिका ३.४: समीक्षा वर्षमा प्रदेशको पशुपंक्षीजन्य उत्पादन**

(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र)

### ३.३.२ माछा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा माछाको उत्पादन ५.०४ प्रतिशतले वृद्धि भई ४५ हजार ५ सय ७१ मेट्रिक टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ५.२७ प्रतिशतले वृद्धि भई ४३ हजार ३ सय ८६ मेट्रिक टन रहेको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी माछा उत्पादन बारा जिल्लामा भएको देखिन्छ । मधेश प्रदेशमा भएको कुल माछा उत्पादनमा बारा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा बढी २२.४३ प्रतिशत र पर्सा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम ७.९९ प्रतिशत रहेको छ । माछा उत्पादनसम्बन्धी विवरण तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.५ समीक्षा वर्षमा प्रदेशको माछा उत्पादन स्थिति (मे.टनमा)**

| जिल्ला | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
|---|---|---|
| सप्तरी | ३,४०० | ३,७०० |
| सिराहा | ३,७८८ | ४,३५६ |
| धनुषा | ६,२९५ | ६,३४३ |
| महोत्तरी | ५,७०७ | ५,७८९ |
| सर्लाही | ६१५८ | ६,६४० |
| रौतहट | ४,९५५ | ५,०७९ |
| बारा | ९५४६ | १०,२२० |
| पर्सा | ३५३७ | ३,६४४ |
| जम्मा | ४३,३८६ | ४५,५७१ |

(स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र)


### ३.३.३ वनजन्य उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा दाउरा उत्पादनमा १६.११ प्रतिशत तथा काठको उत्पादनमा २१.४५ प्रतिशतले कमी आएको छ । महोत्तरी, रौतहट, बारा र पर्सा जिल्लाले काठको कटानी नगरेको कारण समीक्षा अवधिमा काठको उत्पादनमा कमी आएको देखिन्छ ।

### ३.४ सिँचाई तथा मौसम

समीक्षा अवधिमा मधेश प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा ०.०७ प्रतिशतले कमी आई २ लाख ७३ हजार ४ सय १० हेक्टर रहेको छ। कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोद्वारा सिञ्चित क्षेत्रफल ३.६८ प्रतिशतले वृद्धि भई ८७ हजार ९ सय ७२ हेक्टर, नहरद्वारा सिञ्चित क्षेत्रफल २ प्रतिशतले वृद्धि भई १ लाख ५३ हजार ३७ हेक्टर र बोरिङद्वारा सिञ्चित क्षेत्रफल २९ हजार २ सय ७ हेक्टर पुगेको छ। गत वर्षको सोही अवधिमा समग्र सिञ्चित क्षेत्रफल १.६ प्रतिशतले वृद्धि भएको थियो। सो अवधिमा नहरद्वारा सिंचित क्षेत्रफल १.३३ प्रतिशतले वृद्धि भएको थियो। मधेश प्रदेशमा सिञ्चित भूमिको क्षेत्रफलसम्बन्धी विवरण चार्ट ३.२ मा प्रस्तुत गरिएको छ।

**चार्ट ३.२ : सिँचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)**




(स्रोत : जिल्ला स्थित जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय)

### ३.५. क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा रु.६४ अर्ब ९१ करोड ७९ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.५३ अर्ब ९५ करोड रहेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १३.५६ प्रतिशत रहेको छ। मधेश प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सर्लाही जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा बढी अर्थात १६.२४ प्रतिशत र सप्तरी जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा कम अर्थात ७.५८ प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.६ : मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा)**

| क्र.सं. | जिल्ला | कृषि कर्जा (रु करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | ४९२.३९ | ७.५८ |
| २ | सिराहा | ९२६.०९ | १४.२६ |
| ३ | धनुषा | ९३९.७२ | १४.४७ |
| ४ | महोत्तरी | ६७७.५२ | १०.४४ |
| ५ | सर्लाही | १,०५४.४७ | १६.२४ |
| ६ | रौतहट | ६७६.६३ | १०.४२ |
| ७ | बारा | ७४५.३७ | ११.४८ |
| ८ | पर्सा | ९७९.६० | १५.०९ |
| | जम्मा | ६,४९१.७९ | १००.०० |

(स्रोत : नेपाल राष्ट्र बैंक)

### ३.६ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा रु.१५ अर्ब ९० करोड ५३ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.२२ अर्ब ३० करोड रहेको थियो। प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी रु.२ अर्ब ७७ करोड अर्थात् १७.४७ प्रतिशत सर्लाही जिल्लामा र सबैभन्दा कम ८५ करोड अर्थात् ५.३५ प्रतिशत सप्तरी जिल्लामा रहेको छ। मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जासम्बन्धी विवरण तालिका नं. ३.७ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.७ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा)**

| क्र.सं. | जिल्ला | सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | २१३.२६ | १३.४१ |
| २ | बारा | २२४.७९ | १४.१४ |
| ३ | रौतहट | १३७.४७ | ८.६५ |
| ४ | सर्लाही | २७७.७६ | १७.४७ |
| ५ | महोत्तरी | १५४.५६ | ९.७२ |
| ६ | धनुषा | २५७.०२ | १६.१७ |
| ७ | सिराहा | २४०.०७ | १५.१ |
| ८ | सप्तरी | ८५.०१ | ५.३५ |
| | जम्मा | १५९०.५३ | १००.०० |

(स्रोत : नेपाल राष्ट्र बैंक)

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौतीहरु

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमीनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि कृषि क्षेत्रमा देहाय बमोजिम चुनौतीहरू रहेका छन् :

- कृषिलाई प्रविधिमैत्री, व्यवसायिक, उच्च प्रतिफलदायी एवम् मर्यादित पेशाको रुपमा रुपान्तरण गरी युवा जनशक्तिलाई श्रम, सीप तथा पुँजीसहित यो क्षेत्रमा आकर्षित गर्नु।
- मधेश प्रदेशको अर्थतन्त्रको मूल आधारको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गरी कृषि क्षेत्रको अन्तराष्ट्रिय प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु।
- मधेश प्रदेशको सम्पूर्ण कृषियोग्य जग्गालाई उपयोगमा ल्याउनु, र कृषि क्षेत्रको उत्पादकत्व बढाउनु,
- कृषि तथा पशु क्षेत्रमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न कृषि तथा पशु सेवा बिमा लागु गर्नु।
- कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व बढाउन निर्माणाधीन सिँचाई आयोजना तोकिएको समयमा सम्पन्न गर्नु।
- समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मल तथा बिउबिजन उपलब्ध गराउनु।

- कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअनुसार मधेश प्रदेशका धनुषा तथा बारा जिल्ला माछापालनका लागि सुपर जोनको रुपमा रहेकोमा यी क्षेत्रहरूमा दीगो कार्यक्रमहरू ल्याई उत्पादनशीलता वृद्धि र बजार विस्तारका लागि अध्ययन अनुसन्धान तथा थप कार्यका साथै सहुलियतहरू उपलव्ध गराउनु ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्लाहरू धानको जोन क्षेत्रको रुपमा स्थापना भएकोमा सो अनुरुप उत्पादन तथा उत्पादकत्व बढाई दीगोपना कायम राख्नु ।

- रौतहट जिल्ला धानको बिउ जोनको रुपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बिउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएतापनि भारतबाट कमसल प्रकारका बिऊको अनधिकृत रुपमा आयात हुने क्रमलाई निरुत्साहन गर्दै उन्नत बिऊबिजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअनुसार मधेश प्रदेशका महोत्तरी, रौतहट र पर्सा जिल्लाहरू तरकारी जोनको रुपमा आर्थिक वर्ष २०७३/७४ मा नै स्थापित भइसकेको भएतापनि जनकपुरलगायत ठूला बजार क्षेत्रमा भारतबाट हुने आयात प्रतिस्थापन गर्न सक्ने गरी क्षमता विकास गर्नु ।

- तुलनात्मक लाभका आधारमा छनोट गरिएका क्षेत्र र बालीहरूको लागि एकीकृत रुपमा सघन कृषि कार्यक्रम सञ्चालन गरी कृषिको व्यवसायीकरणमार्फत औद्योगीकरणको आधार खडा गर्नु ।

- कृषियोग्य जमीनको खण्डीकरण रोक्नु ।

- किसानहरुलाई आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्न कृषि भण्डारण र शीत भण्डारण केन्द्रहरुको व्यवस्था गर्नु ।

### ३.७.२ सम्भावनाहरु

मधेश प्रदेशको कृषि क्षेत्रमा माथि उल्लेख भएबमोजिम चुनौतीहरू हुँदाहुँदै पनि देहाय बमोजिमका अवसरहरू पनि रहेका छन् :

- मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजारको पनि उच्च सम्भावना रहेको छ ।

- एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रममार्फत कृषिको उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ ।

- मधेश प्रदेशमा समतल उर्वर भूमिको प्रचुरता रहेकोले सिँचाई सुविधामार्फत कृषियोग्य भूमिको क्षेत्रफल विस्तार गरी खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

- मधेश प्रदेश समतल भूमिमा रहेकोले सतह र भूमिगत जलस्रोत प्रयोग गर्न सकिने देखिएकोले सिँचाईको विकास र विस्तार गरी खाद्य बाली, माछापालन तथा फलफूलका नयाँ प्रजातिहरूको पहिचान गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ।

- मधेश प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा प्रशस्त रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी यी जग्गाहरू कृषि उत्पादनमा प्रयोग गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

- मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरूको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधिसम्बन्धी ज्ञानसहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व र रोजगारी वृद्धि गर्न सक्ने सम्भावना रहेको छ।

- मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेतीसमेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दूधजन्य पदार्थको उत्पादन बढाई कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना रहेको छ।


- माछापालनका लागि मुलुककै प्रमुख १० वटा जिल्लाहरूमध्ये मधेश प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनुको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना देखिन्छ।

# परिच्छेद-४ उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ५१.०३ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा यी उद्योगहरुको औसत क्षमता उपयोग ६१.५६ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा हल्का पेय पदार्थ उद्योगले सबैभन्दा बढी ९७.७८ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पती घिउ उद्योगको क्षमता उपयोग सबैभन्दा कम ०.४० प्रतिशत रहेको देखिन्छ। वनस्पति घिउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनहरूमा वनस्पति घिउको गार्हस्थ्य तथा औद्योगिक प्रयोग कम हुँदै जानु र यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेलको प्रयोग बढ्दै गएकाले यसको बजार माग घट्दै जाँदा उत्पादन पनि विस्तारै घट्दै गएको देखिन्छ। समीक्षा अवधिमा प्लाष्टिकजन्य उद्योगको र छाला तथा छालाको सामान उत्पादन गर्ने उद्योगको क्षमतामा अघिल्लो अवधिको तुलनामा कमी आएको देखिन्छ। मधेश प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको आ.व.२०७९/०८० र आ.व.२०८०/०८१ को क्षमता उपयोगसम्बन्धी विवरण चार्ट ४.१ मा प्रस्तुगत गरिएको छ।

**चार्ट ४.१ : नमुना छनौटमा परेका उद्योगहरुको क्षमता उपयोगिता (प्रतिशतमा)**




(स्रोत : नमुना छनोटमा परेका उद्योगहरु)

समीक्षा अवधिमा फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ४१.२५ प्रतिशत, हल्का पेय पदार्थ उद्योगको क्षमता उपयोग ९७.७८ प्रतिशत, गहुँको पिठो उद्योगको क्षमता उपयोग ७३.६९ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग १४.२३ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग २९.१९ प्रतिशत, आल्मुनियम उत्पादन उद्योगको क्षमता उपयोग ८५.७५ प्रतिशत, Chemical Liquid पदार्थ उद्योगको क्षमता उपयोग ४३.२६ प्रतिशत, सिमेण्ट उद्योगको क्षमता उपयोग ३७.६९ प्रतिशत, घरेलु धातुका सामान उद्योगको क्षमता उपयोग ६८.६० प्रतिशत रहेको छ भने लत्ता कपडा अन्तर्गतको सिन्थेटिक कपडा, अन्न तथा पशु दानाअन्तर्गत पशुदाना, स्टिलजन्य उत्पादन, चामल, धागो, चुरोट, तोरीको तेल, चिनी, कागज (अखबारी कागजबाहेक) र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः ६०.३९ प्रतिशत, ६५ प्रतिशत, ७६.६० प्रतिशत, ९३.४४ प्रतिशत, ५२.६७ प्रतिशत, ८७.४४ प्रतिशत, ३३.८० प्रतिशत, ४६.७७ प्रतिशत, २९.८३ प्रतिशत र ७.३३ प्रतिशत रहेको छ।

गत वर्षको सोही अवधिमा मधेश प्रदेशका प्रमुख उद्योगहरूमा सिमेन्ट उद्योगको क्षमता उपयोग ३९.३९ प्रतिशत, फलामको छड तथा फलामको पत्ति उद्योगको क्षमता उपयोग ९१.९६ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ६१.०७ प्रतिशत, वनस्पति घिउ तथा तेल उद्योगको क्षमता उपयोग ४३.२५ प्रतिशत, अन्न तथा पशुदाना उद्योगको क्षमता उपयोग ९१.६८ प्रतिशत, चुरोट उद्योगको क्षमता उपयोग ८६.४६ प्रतिशत रहेको थियो भने चिनी, कागज र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः २२.९८ प्रतिशत, १०.७९ प्रतिशत र १०.०७ प्रतिशत रहेको थियो ।

## ४.२ समग्र औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ११.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २१ अर्ब ८७ करोड रहन गएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१ खर्ब ९ अर्ब ५९ करोड रहेको थियो । समीक्षा अवधिमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ६३.४९ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा २.४५ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सबैभन्दा धेरै उद्योगहरू पर्सा जिल्लामा रहेकोले सबैभन्दा बढी औद्योगिक कर्जा प्रवाह उक्त जिल्लामा भएको देखिन्छ । यससम्बन्धी विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**


| क्र.सं. | जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | २९८.४० | २.४५ |
| २ | सिराहा | ६१०.५९ | ५.०१ |
| ३ | धनुषा | ११५०.१५ | ९.४४ |
| ४ | महोत्तरी | ५५१.९४ | ४.५३ |
| ५ | सर्लाही | ६४८.२२ | ५.३२ |
| ६ | रौतहट | ४५८.६० | ३.७६ |
| ७ | बारा | ७३१.४२ | ६.०० |
| ८ | पर्सा | ७७३७.९० | ६३.४९ |
| **जम्मा** | | **१२१८७.२२** | **१००.००** |

(स्रोत : नेपाल राष्ट्र बैंक)

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा रु.१ खर्ब २१ अर्ब ८७ करोडमध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५३.६८ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३४.५५ प्रतिशत, निर्माण उद्योगतर्फ ५.६७ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादनतर्फ ४.३७ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.४६ प्रतिशत र खानी उद्योगतर्फ १.२५ प्रतिशत कर्जा प्रवाह भएको छ । समग्रमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा औद्योगिक कर्जा विस्तारमा ११.२ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा निर्माण उद्योगतर्फ प्रवाह भएको कर्जामा ०.८९ प्रतिशतले, विद्युत् ग्याँस तथा पानीतर्फ प्रवाह भएको कर्जामा १२.३२ प्रतिशतले, खानी सम्बन्धी कर्जामा ३८.६३ प्रतिशतले कमी आएको छ भने धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स उत्पादनतर्फ ७.१४ प्रतिशत, गैर-खाद्यवस्तु उत्पादनतर्फ प्रवाह भएको कर्जामा ८.०७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी कृषि, वन तथा पेय पदार्थ उत्पादनतर्फ प्रवाह भएको कर्जा गत वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा २३.९५ प्रतिशतले वृद्धि भई रु.४२ अर्ब ११ करोड रहेको छ । यससम्बन्धी विवरण चार्ट नं.४.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.२ : औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)**




(स्रोत : नेपाल राष्ट्र बैंक)

## ४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशका सम्पूर्ण भू-भाग समतल रहेकोले यातायात तथा ढुवानीको सहजता रहेको छ । साथै दक्षिण तर्फको सीमा भारतसँग जोडिएकाले निकासी बजारको समेत अवसर छ । तसर्थ, यस प्रदेशमा उद्योग स्थापना गरी सञ्चालन गर्न, उत्पादित सामान निकासी गर्न र देशैभर पुऱ्याउन सहज छ । यस्तो अवस्था हुँदाहुँदै पनि यस प्रदेशमा औद्योगिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिमका चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ४.४.१ चुनौतीहरु

- ठूला आकारका औद्योगिक क्षेत्रहरु (Industrial Zone) को निर्माण गर्न जग्गा अधिग्रहण गर्नु र तीव्र दरमा बढी रहेको जग्गाको खण्डिकरण रोक्नु ।
- बजार, श्रमशक्तिलगायत भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानलाई औद्योगिक जोनको रुपमा विकास गर्नु ।
- स्थानीय औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउन खुला सीमाना व्यवस्थित गरी अवैध व्यापार नियन्त्रण गर्नु ।
- विद्युत आपूर्ति व्यवस्थामा सुधार ल्याई निरन्तर उर्जा आपूर्तिमार्फत उद्योग सञ्चालनको वातावरण बनाउनु ।
- उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी वाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।
- उद्योग/व्यावसायको क्रियाकलापलाई स्वच्छ र पारदर्शी बनाई सर्वसाधारणबाट समेत ठूलो मात्रामा पुँजी परिचालन गर्न आवश्यक विस्वासको वातावरण तयार गरी संस्थागत संस्कृतिको विकास गर्नु ।

- उद्योग/व्यावसायका लागि आवश्यक सीपयुक्त जनशक्ति उपलव्ध गराउनु ।

- औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।

- औद्योगिक क्षेत्रमा मैत्रीपूर्ण श्रमसम्बन्ध विकास गरी गैर व्यापारिक तथा गैर व्यावसायिक जोखिम न्यूनीकरण गर्नु ।

- प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु । श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षैभरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु तथा उत्पादनको लागत घटाउनु ।

- प्रदेशको प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु किसान तथा चिनी उद्योगीहरूको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु । साथै उखु उत्पादन तथा उखुको गुणस्तर सुधार गर्नु ।

- औद्योगिक नीतिले प्रदान गरेको सुविधा अनुरुप हुने गरी कर नीति लागू गरी औद्योगिक लगानी प्रवर्द्धन र औद्योगिक क्षेत्रको संरक्षण गर्नु ।

**४.४.२ सम्भावनाहरु**

- मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय नागरिकको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने देखिन्छ ।

- मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने देखिन्छ ।

- मधेश प्रदेशको सम्पूर्ण भूभाग दक्षिणी सीमा भारतसँग खुला रुपमा जोडिएकोले भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी लागत सस्तो हुने भएकोले कम लागतमा वस्तु उत्पादन गरी निकासी गर्न सक्ने सम्भावना रहेको छ ।

- मधेश प्रदेशमा पूर्व-पश्चिम राजमार्ग र सो मार्गबाट उत्तर दक्षिण जोडने फराकिला सडकलगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरूको प्रचुर सम्भावना देखिन्छ ।

- मधेश प्रदेशमा उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेको कारण यहाँ उद्योग कलकारखानाहरूको स्थापना गरी वर्षेनी थपिने लाखौं श्रमिकहरूको लागि मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्नसक्ने सम्भावना छ ।

- धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा खाद्य प्रशोधन उद्योगहरूको राम्रो सम्भावना रहेको छ ।

# परिच्छेद-५ सेवा क्षेत्र

## ५.सेवा क्षेत्र

सेवा क्षेत्रअन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन उद्योग, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ। तीमध्ये प्रमुख उप-क्षेत्रहरूको समीक्षा अवधिको स्थिति निम्नानुसार रहेको छ।

## ५.१ पर्यटन

समीक्षा अवधिमा छनोटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या गत वर्षको सोही अवधिको तुलनामा १२.३८ प्रतिशतले कमी आएको छ। गत अर्थिक वर्षमा यस क्षेत्रको रोजगारीमा ४१.७० प्रतिशतले कमी आएको थियो। समीक्षा अवधिमा पर्यटक आगमनमा १४.३४ प्रतिशतले वृद्धि भई ३४ हजार १ सय ४३ पुगेको छ। कुल पर्यटक आगमनमा भारतबाट ३३ हजार १० र तेस्रो मुलुकबाट ९ सय ४७ जना पर्यटकले भ्रमण गरेको अनुमान छ। गत वर्षको सोही अवधिमा पर्यटक आगमन ४२.९५ प्रशितले वृद्धि भई २९ हजार ८ सय ६० जना रहेको थियो। कोभिड-१९ महामारीको प्रभाव कम हुँदै गएकोले पर्यटक आगमन बढ्न गएको हो। पर्यटक आगमनमा वृद्धि भएसँगै होटलहरूको व्यवसायमा विस्तार भएतापनि रोजगारीको अवसरमा अघिल्लो आर्थिक वर्षको तुल्नामा कमी आएको देखिन्छ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा ३.३१ प्रतिशतले कमी आई १ लाख ६ हजार ९ सय ४६ कायम भएको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्यामा १४.६२ प्रतिशतले कमी आएको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन राजस्वमा १७.१७ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ५१ करोड राजश्व संकलन भएको छ। गत वर्षको सोही अवधिमा यस्तो रकम रु.२ अर्ब ९९ करोड ५७ लाख रहेको थियो। समीक्षा अवधिमा नक्शा पास स्वीकृत संख्यामा १२.८४ प्रतिशतले कमी आई ३ हजार २ सय १८ रहन गएको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या ३ हजार ६ सय ९२ रहेको थियो। यससम्बन्धी विवरण तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ।

| तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | २०८० असार मसान्तसम्म | २०८१ असार मसान्तसम्म | प्रतिशत परिवर्तन |
| १. | घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ११०६०२ | १०६९४६ | -३.३१ |
| २. | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ३६९२ | ३२१८ | -१२.८४ |
| ३. | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | २९९५.७८ | ३५१०.०५ | १७.१७ |

(स्रोत : मालपोत कार्यालय तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय)

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्थासहित) को कुल शाखा संख्या १ हजार ७ सय ५७ रहेको छ। गत वर्षको सोही अवधिमा यस प्रदेशमा सञ्चालित बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या १ हजार ७ सय ७५ रहेको थियो। सञ्चालनमा रहेका शाखाहरूमध्ये वाणिज्य बैंकको ५८१, विकास बैंकको ८४, वित्त कम्पनीको ५१ र लघुवित्त वित्तीय संस्थाको १ हजार ४१ शाखा रहेको छ। जिल्लागत आधारमा शाखाहरूको उपस्थिति हेर्दा सबैभन्दा बढी धनुषा जिल्लामा २५१ शाखा र सबैभन्दा कम रौतहट जिल्लामा १७८ शाखा रहेका छन। समीक्षा अवधिमा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको ATM संख्या ५०१ रहेको छ। सबैभन्दा बढी ATM संख्या धनुषा जिल्लामा ८४ वटा र सबैभन्दा कम ATM संख्या रौतहट जिल्लामा ४१ वटा रहेको छ। यससम्बन्धी विवरण तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ।


| तालिका ५.२ : २०८१ असार मसान्तसम्मको बैंक तथा वित्तीय संस्थाका सेवाहरु | | | | |
|---|---|---|---|---|
| क.सं. | जिल्ला | शाखा संख्या | ATM मेशिनको संख्या | Mobile तथा Internet Banking चलाउनेको संख्या |
| १. | पर्सा | १९६ | ८१ | ३६५११७ |
| २. | बारा | २४८ | ७३ | ३११४८९ |
| ३. | सर्लाही | २३९ | ४६ | ३१६६९३ |
| ४. | रौतहट | १७८ | ४१ | २२७९३६ |
| ५. | महोत्तरी | २२० | ४६ | २५३९०१ |
| ६. | धनुषा | २५१ | ८४ | ४१२६४६ |
| ७. | सिराहा | २३१ | ६८ | ३६९६८५ |
| ८. | सप्तरी | १९४ | ४४ | २५१७२० |
| | जम्मा | १,७५७ | ५०१ | २५०९१८७ |

(स्रोत : नेपाल राष्ट्र बैंक)

## ५.४ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा अवधिमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १७.८८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४९ अर्ब ४५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १३.२३ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ९६ अर्ब ४६ करोड पुगेको थियो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ३.९८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ७८ अर्ब ५३ करोड हुन आएको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ६० अर्ब २१ करोड पुगेको थियो ।

**चार्ट ५.१ : निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा)**




(स्रोत: नेपाल राष्ट्र बैंक)

### ५.५ यातायात

समीक्षा अवधिसम्ममा मधेश प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या गत वर्षको सोही अवधिको तुलनामा ४१.५० प्रतिशतले कमी आई ५ लाख ९६ हजार ६ सय ८२ कायम भएको छ। गत वर्षको सोही अवधिसम्ममा उक्त सवारी साधनको संख्या १३.४२ प्रतिशतले कमी आई १० लाख २ हजार २८ रहेको थियो। समीक्षा अवधिमा सवारी साधनहरुमध्ये मोटरसाइकलको संख्यामा ४२.९३ प्रतिशतले कमी आई ४९ हजार ८ सय ४५ र अन्य यातायात साधनको संख्यामा ३.०३ प्रतिशतले कमी आई ९ हजार ८ सय ३७ रहेको छ। यससम्बन्धी विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ।

| तालिका ५.३ : मधेश प्रदेशमा यातायात साधनको नयाँ दर्ताको स्थिति | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ | समीक्षा अवधिको परिवर्तन (%) |
| १. | मोटरसाईकल | ११७८४० | ८७३३९ | ४९८४५ | -४२.९३ |
| २. | अन्य | १५५२४ | १४६८९ | ९८३७ | -३३.०३ |
| | कुल संख्या | **१३३,३६४** | **१०२,०२८** | **५९६८२** | **-४१.५०** |

(स्रोत : यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश)

### ५.६ शिक्षा तथा स्वास्थ्य

#### ५.६.१ शिक्षा

समीक्षा वर्षमा सामुदायिक विद्यालयको संख्या ५.८७ प्रतिशतले वृद्धि भई ३ हजार ४ सय ४५ पुगेको छ। विद्यार्थीको संख्या १३.२८ प्रतिशतले वृद्धि भई १४ लाख ३८ हजार २ सय ६६ पुगेको छ भने शिक्षक/शिक्षिकाको संख्या १३.०२ प्रतिशतले वृद्धि भई १९ हजार २ सय ४० पुगेको छ।

समीक्षा वर्षमा संस्थागत विद्यालयको संख्या ३४.४० प्रतिशतले वृद्धि भई १ हजार ३ सय १ कायम भएको छ। संस्थागत विद्यालयमा विद्यार्थी संख्या ६८.७० प्रतिशतले वृद्धि भई ४ लाख २३ हजार १ सय ५५ कायम भएको छ भने शिक्षक/शिक्षिकाको संख्या ६५.११ प्रतिशतले वृद्धि भई ११ हजार ९ सय १६ कायम भएको छ।

समीक्षा वर्षमा प्राविधिक शिक्षालय अन्तर्गत शिक्षालय संख्या ७.१४ प्रतिशतले वृद्धि भई १ सय ३५ पुगेको छ भने विद्यार्थी संख्या ११.४७ प्रतिशतले कमी आई ९ हजार ४ सय ५६ पुगेको छ। शिक्षक/शिक्षिका संख्या १२.३७ प्रतिशतले कमी आई ४ सय १८ पुगेको छ। समीक्षा वर्षमा विश्वविद्यायलमा आवद्ध भएका क्याम्पस संख्या २५ वटा कायम रहेका छन्।

#### ५.६.२ स्वास्थ्य

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका सरकारी अस्पतालको संख्या ४.३५ प्रतिशतले वृद्धि भई २४ पुगेका छन् भने अस्पतालमा कार्यरत सरकारी चिकित्सक संख्या २३.६१ प्रतिशतले वृद्धि भई ३ सय ७७ पुगेको छ। त्यसैगरी सरकारी अस्पतालको शैया संख्या २.८८ प्रतिशतले वृद्धि भई १ हजार ४ सय २९ पुगेको छ। समीक्षा अवधिमा निजी अस्पतालको संख्या १६.५५ प्रतिशतले वृद्धि भई १ सय ४५ पुगेको छ भने निजी अस्पतालमा कार्यरत चिकित्सक संख्या ९.५५ प्रतिशले वृद्धि भई ९ सय ९८ पुगेको छ। त्यसैगरी निजी अस्पतालको शैया संख्या ११.०५ प्रतिशतले वृद्धि भई ३ हजार ८ सय १८ पुगेको छ।

### ५.७ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ३.८६ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६६ अर्ब ३४ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा

यस्तो कर्जा ४.७५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६० अर्ब १३ करोड पुगेको थियो । यससम्बन्धी विवरण तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ ।

| तालिका ५.४ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ |
| १. | यातायात, भण्डारण र संचार | ५९०.५३ | ५४८.०८ | ४९२.११ |
| २. | थोक तथा खुद्रा विक्रेता | १३३९०.४० | १४१८६.०८ | १४७६५.०१ |
| ३. | वित्त, बीमा तथा अचल सम्पत्ति | ४८८.७६ | ४२४.६६ | ४६४.२ |
| ४. | पर्यटन | ५३९.१९ | ६०९.४५ | ६५६.६१ |
| ५. | अन्य सेवा | २७८.१५ | २४५.४४ | २५६.३३ |
| जम्मा | | १५२८७.०३ | १६,०१३.७१ | १६६३४.२६ |

(स्रोत: नेपाल राष्ट्र बैंक)

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जामध्ये सबैभन्दा बढी पर्सा जिल्लामा रु.५२ अर्ब ८१ करोड ९९ लाख अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ३१.७५ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा रु.८ अर्ब ८९ करोड ७३ लाख अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ५.३५ प्रतिशत रहेको छ। सो अवधिमा मधेश प्रदेशबाट सेवा क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत स्थिति तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

| तालिका ५.५ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा) | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | रकम | जिल्लागत हिस्सा (%) |
| १. | पर्सा | ५२८१.९९ | ३१.७५ |
| २. | बारा | १४८२.७८ | ८.९१ |
| ३. | रौतहट | १२३९.४३ | ७.४५ |
| ४. | सर्लाही | १७९७.३७ | १०.८१ |
| ५. | महोत्तरी | १३९२.८२ | ८.३७ |
| ६. | धनुषा | २५६६.९५ | १५.४३ |
| ७. | सिराहा | १९८३.१९ | ११.९२ |
| ८. | सप्तरी | ८८९.७३ | ५.३५ |
| जम्मा | | १६६३४.२६ | १०० |

(स्रोत: नेपाल राष्ट्र बैंक)


### ५.८ सहकारी क्षेत्र

समीक्षा अवधिमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनोटमा परेका सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारीको अवस्था विश्लेषण गरिएको छ ।

- समीक्षा अवधिमा छनोटमा परेका सहकारीहरुको कुल पुँजी १.५४ प्रतिशतले कमी आई रु.२ अर्ब ५७ करोड ८२ लाख कायम रहेको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर २.९६ प्रतिशत रहेको थियो ।
- समीक्षा अवधिमा छनोटमा परेका सहकारीहरुको कुल बचत रु.५ अर्ब ६ करोड ८६ लाख पुगेको छ ।
- समीक्षा अवधिमा छनोटमा परेका सहकारी संस्थाहरुबाट भएको ऋण प्रवाहमा ३५ प्रतिशतले कमी आई रु.३ अर्ब ४२ करोड ८७ लाख रहेको छ । गत वर्षको सोही अवधिमा ऋण प्रवाह ९.४१ प्रतिशतले कमी आएको थियो ।
- समीक्षा अवधिमा छनोटमा परेका सहकारी संस्थाका कुल सदस्य संख्या २.७७ प्रतिशतले घट्न गई ५९ हजार २ सय ३९ रहेको छ ।

समीक्षा अवधिमा छनोटमा परेका सहकारी संस्थाका कर्मचारी संख्यामा १२.०६ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही वर्षमा कर्मचारी संख्यामा २.०८ प्रतिशतले कमी आएको थियो ।

**चार्ट ५.२ : पूँजी, बचत र ऋण लगानीको अवस्था (दश लाखमा)**




(स्रोत : सम्बन्धित सहकारी संस्थाहरु)

### ५.९ सेवा क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशमा धार्मिक तथा साँस्कृतिक महत्व बोकेका पोखरीहरू प्रशस्त रहेकाले यसको सरसफाई गरी जल मनोरञ्जनात्मक साधनको प्रयोग गर्न सकेमा धार्मिक तथा सबै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिने देखिन्छ । उपयुक्त भौगोलिक अवस्थिति भएकाले अस्पताल तथा ठूला शिक्षण संस्थाहरूको स्थापना गरी शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने सम्भावना रहेको छ । तथापि यस क्षेत्रको विकासमा देहायबमोजिमका चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

### ५.८.१ चुनौतीहरू

- मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गराउनु,
- सर्वसाधारणलाई वित्तीय सेवाको पहुँच सहज गराई मिटर ब्याजीको मारबाट सर्वसाधारणलाई मुक्त गराउनु,
- वित्तीय चेतना तथा पहुँच अभिवृद्धि गरी वित्तीय अपराध र अनौपचारिक कारोवार न्यूनीकरण गर्नु,
- मधेशप्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला सँस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु,
- मानव निर्मित पोखरी तथा ताल तलैयालगायत शहरको उचित सरसफाई तथा सजावट गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु,
- अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु,
- पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोजी तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि गर्नु तथा बसाई अवधि लम्ब्याउनु,
- स्थानीय बासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाईसम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

### ५.८.२ सम्भावनाहरू

- मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई मन्दिर, जनकपुरको जानकी मन्दिर, जलेश्वर महादेव र सप्तरीको छिन्नमस्ता मन्दिर जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको छ ।
- मधेश प्रदेश ताजा माछाको लागि लोकप्रिय रहेको तथा हवाई र स्थलमार्गको सुगम पहुँच रहेकोले स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।
- उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम सञ्चालन  गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- जनकपुर क्षेत्रमा रहेको पोखरी तथा तालतलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।
- मधेश प्रदेशमा अधिकांश भू-भाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।
- भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके स्तरीय भारतीय पर्यटक भित्र्याउन सकिने उच्च सम्भावना रहेको देखिन्छ ।

  मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकाले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।

# परिच्छेद-६ पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा पूर्वाधार विकासका राष्ट्रिय आयोजनाहरू सञ्चालनमा रहेका छन् । यहाँ निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको सम्पन्न हुने तोकिएको समय सीमा बढदै गएको छ। प्रदेश भित्रका स्थानीय तहहरूले विकास निर्माणका बाँकी कार्यहरूमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स-साना आयोजनाहरू सम्पन्न हुने क्रममा छ । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि, जयनगर-जनकपुर-कुर्था रेल्वेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै बर्दिवाससम्म पुऱ्याउने कार्य अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य सुधार हुने अनुमान छ । स्थानीय तहमा नयाँ जनप्रतिनिधिहरूको आगमनसँगै कामले नयाँ दिशा पहिल्याउने, स्थानीय आवश्यकता अनुरुप विकास निर्माणको पहिचान, जनस्तरमा विकासप्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता आदि कारणले मधेश प्रदेशमा आगामी दिन पूर्वाधार निर्माणको गतिमा तीव्रता आउने अनुमान गरिएको छ ।

### ६.१.१ जयनगर-जनकपुर-भंगहा रेल्वे

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-भंगहा रेल्वेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई भंगहासम्म सञ्चालनमा आएको छ। हाल भंगहा-जयनगर दैनिक एक पटक र जनकपुर-जयनगर दैनिक तीन पटक संचालन हुने गरेको छ। भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माणअन्तर्गत रेल्वेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको इन्जिन र बग्गी खरिद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ, जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको भंगहा, कुर्थाबाट, जनकपुर, परवाहा, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमा स्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ५१.१३६ कि.मी. रहेको छ । कुर्था-विजलपुरा सम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को जुलाई १६ देखि सञ्चालनमा आएको छ। हाल भंगहादेखि जयनगर ५१.१३६ कि.मी. रेल्वे सञ्चालनमा रहेको छ। भंगहादेखि बर्दिवाससम्म १८ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको कार्य भइरहेको जानकारी प्राप्त भएको छ। २०१४ देखि निर्माण शुरु भएको यस आयोजनाको प्रारम्भिक लागत अनुमान भा.रु.७ अर्ब १२ करोड रहेकोमा हाल संशोधित लागत अनुमान बढेर भा.रु.१२ अर्ब पुगेको छ। आर्थिक वर्ष २०८०/०८१ मा यस कम्पनीको संचालन खर्च रकम रु.२५ करोड ३५ लाख २९ हजार तथा टिकट बिक्रीबाट आम्दानी रकम रु.७ करोड ७८ लाख १६ हजार भएको छ भने यस अवधिमा कम्पनीलाई रु.१७ करोड ८६ लाख ५७ हजार नोक्सान भएको छ। हाल कार्यरत १५६ जना कर्मचारीमध्ये १३३ जना नेपाली नागरिक तथा २३ जना भारतीय नागरिक रहेका छन्। १३३ जना नेपाली कर्मचारीमध्ये ११५ जना पुरुष कर्मचारी र १८ जना महिला कर्मचारी रहेका छन्।

### ६.१.२ **काठमाडौं-तराई मधेश द्रुतमार्ग**

काठमाडौं-तराई मधेस द्रुतमार्ग सडक आयोजना, नेपालको राजधानी काठमाडौंलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ मा नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको छ । नेपाली सेनालाई आयोजना हस्तान्तरण भएपश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढिरहेको छ। कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ मा स्वीकृत भईसकेको छ। चार लेनको यस आयोजना ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म जम्मा लम्बाई ७०.९७७ किलोमिटर र आयोजनाको क्षेत्र ललितपुर(९ कि.मि.), काठमाण्डौं(४.६ कि.मि.), मकवानपुर(४९.७७ कि.मि.) र बारा(७.६ कि.मि.) रहेको छ ।

आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना मिति २०८३ चैत्रमा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि सो अनुरुपको प्रगति भने हुन सकेको छैन । प्रारम्भिक लागत रु.१ खर्ब ११ अर्ब अनुमान रहेको यस आयोजनाको संशोधित लागत रु.२ खर्ब ११ अर्ब ९३ करोड रहेको छ । काठमाडौं-तराईमधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौको पत्रानुसार हालसम्म समष्टिगत भौतिक प्रगति ३५.८५ प्रतिशत र वित्तीय प्रगति ३७.६२ प्रतिशत(मोविलाईजेशन सहित) रहेको छ । यस आयोजनाले प्रभाव पार्ने जिल्लाहरु काठमाण्डौं, ललितपुर, बारा, चितवन, मकवानपुर, पर्सा, रौतहट, सर्लाही, धनुषा, सिरहा, सप्तरी र सुनसरी लगायत तराईका जिल्लाहरु रहेका छन । हाल यस आयोजनामा २,२१९ जनाले रोजगारी पाएका छन जसमध्ये १८०९ जना स्वदेशी तथा ४१० जना विदेशी कामदारहरु रहेका छन । ललितपुरको खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ-मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था र बेस क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत आपूर्ति सहज हुन नसकेको कारणले काममा केही ढिलाई भएको व्यहोरा सो प्रतिवेदनमा उल्लेख भएको छ ।

### ६.१.३ हुलाकी राजमार्ग

यस आयोजनाले पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कन्चनपुरको दैजीसम्म तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै १८५७ कि.मी. यातायातको पहुँच विस्तार गर्ने देखिन्छ । आर्थिक वर्ष २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत अनुमान रु.६५ अर्ब २० करोड पुगेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०७९/८० को वार्षिक समीक्षा अनुसार हाल सम्मको समग्र भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत (रु.५९ अर्ब ३३ करोड) रहेको छ । हालसम्ममा कुल १ हजार ८ सय ५७ कि.मी.सडकमध्ये १ हजार ३९ कि.मी.सडकमा कालोपत्रे गरिएको छ भने ४ सय कि.मि. सडक निर्माणाधीन अवस्थामा रहेको छ । कुल २ सय ५० पुलमध्ये १ सय ३२ वटा पुलको निर्माण सम्पन्न भएको र ४५ वटा पुल निर्माणाधीन रहेका छन् । २११.५ कि.मि. सडक र ५० वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ । आ.व. २०८०/८१ मा यस आयोजनाको लागि रु.३ अर्ब ४८ करोड ९० लाख बजेट विनियोजन भएको छ । आ.व. २०८०/८१ मा १०० कि.मि. सडक कालोपत्रे तथा २० वटा पुल निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ । हुलाकी सडकको सडक सीमामा जग्गा अधिग्रहणको समस्या रहेको तथा ठुलो पुलहरुमा निमार्ण कार्य ज्यादै सुस्त भएकोले ठेक्का व्यवस्थापनमा चुनौती देखिएको छ ।

### ६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम आ.व. २०७१/७२ बाट शुरु भई आर्थिक वर्ष २०८२/८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बीच सम्पन्न सम्झौताअनुसार निजगढमा एयरपोर्ट सिटीसहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide ले तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार यसको अनुमानित लागत रु.८ खर्ब रहेको छ । राष्ट्रिय गौरवको यस आयोजना सन् २०२५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको लागि गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार लगाउने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रण गर्ने कार्य सम्पन्न भएको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्बासी बस्तीको घरजग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालयमार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । प्रथम चरणको निर्माण कार्यका लागि १ हजार ९ सय हेक्टर क्षेत्रफलभित्र पर्ने रुख, पोलको लगत नम्बरिङ्ग कार्य भइरहेको छ । परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन (Detail Feasibility Study) तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरूमा टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटीबारे निर्णय हुन नसक्नु रहेको छ । सम्मानित सर्वोच्च अदालतको निर्णयपश्चात् हाल यो आयोजनाको काम अगाडि बढ्न सकेको छैन ।

## ६.२. रोजगारी

प्रदेशको रोजगारी सम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गरी दुई भगमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारी

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन् । धनुषा जिल्ला मुलुककै सबैभन्दा बढी वैदेशिक रोजगारीका लागि श्रम निर्यात गर्ने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको संख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेको छ । आर्थिक वर्ष २०८०/०८१ मा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ७२ हजार ८ सय एकसट्ठी रहेका छन । यो संख्या बाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २३.३२ प्रतिशत हो । मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरूमध्ये सबैभन्दा बढी कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेसियामा कार्यरत छन् । यससम्बन्धी विवरण तालिका नं. ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : श्रम स्वीकृति लिनेहरूको संख्या**

| क.सं. | जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरसँगको तुलना (%) | मुलुकभरको जम्मा |
|---|---|---|---|---|
| १. | सप्तरी | २०,४६० | २.७६ | ७,४१,२९७ |
| २. | सिराहा | ३०,९३० | ४.१७ | |
| ३. | धनुषा | ३९,१०७ | ५.२७ | |
| ४. | महोत्तरी | २७,३५० | ३.६९ | |
| ५. | सर्लाही | २१,२४३ | २.८६ | |
| ६. | रौतहट | १३,२१४ | १.७८ | |
| ७. | बारा | १३,४२२ | १.८१ | |
| ८. | पर्सा | ७,१३५ | ०.९६ | |
| | जम्मा | १,७२,८६१ | २३.३२ | |

(स्रोत : वैदेशिक रोजगार विभाग, वार्षिक श्रम स्वीकृति विवरण आ.व. २०८०/०८१)

### ६.२.२ आन्तरिक रोजगारी

आन्तरिक रोजगारीअन्तर्गत संघीय तथा प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजनामार्फत मधेश प्रदेशमा सञ्चालित रोजगारमूलक देहाय बमोजिम कार्यक्रमहरू रहेका छन :

- संघीय सरकारले मानव विकास सुचकाङ्कमा पछाडि परेको मधेश प्रदेशका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पूर्वाधार निर्माणका लागि **तराई मधेश समृद्ध कार्यक्रम** सञ्चालन गरेको छ ।
- स्थानीय तहमा सञ्चालित सार्वजनिक विकास निर्माणका कार्यहरू श्रममुलक प्रविधिमार्फत सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ ।
- सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत स्थानीय स्तरमै थप रोजगारी सिर्जना गर्ने अघिल्लो वर्षको लक्ष्यलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ ।
- चालु आ.व.को बजेट बक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय स्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपणलगायत संघ, प्रदेश रस्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

- स्टार्टअप उद्यम कर्जा उपलब्ध गराउने सो सम्बन्धी कार्यविधि तयार भई कार्यान्वयनको चरणमा गएको छ। यसबाट थप रोजगारी सृजना हुने अनुमान छ।

**प्रदेश र स्थानीय सरकारबाट सञ्चालित रोजगार कार्यक्रम**

- प्रदेश सरकार र पालिकाहरूबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सिर्जना गर्ने कार्यक्रम समावेश गरेको छ।

- कोभिड-१९ महामारीको कारण वैदेशिक रोजगारी गुमाएर घर फर्किएका युवाहरूको लागि मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरू, बाढी रोकथाम तथा नियन्त्रणका कार्यहरू, घरेलु तथा साना उद्योग व्यवसाय तथा आधुनिक कृषिजन्य क्रियाकलापमार्फत रोजगारका अवसरहरू सिर्जना गर्ने कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिएको छ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरी किसानहरूको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विभिन्न अनुदान, सहुलियत सुविधा प्रदान गर्नुको साथै किसानहरूलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरी स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यक्रम अघि बढाइएको छ।

**६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना**

मधेश प्रदेशको भौगोलिक धरातललाई मध्यनजर गर्दा ठूला उद्योगहरू स्थापना गरी सोबाट आर्थिक गतिविधि बढाउनुका साथै रोजगारी सिर्जना हुने अवसर देखिन्छ। यसका साथै पूर्व-पश्चिम राजमार्ग विस्तार तथा काठमाडौंलाई तराईसँग जोड्ने फाष्ट ट्र्याक निर्माणको चरणमा रहेकोले यसबाट समेत रोजगारीका अवसर सिर्जना गर्न टेवा पुग्ने देखिन्छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरू तयार हुने नीतिगत निर्णय भइसकेको भएतापनि काम अघि बढ्न सकेको छैन। सुनकोशी मरिन डाईभर्शनलाई सर्लाही जिल्लाको बागमती सिँचाई आयोजनामा जोड्ने जस्ता ठूला पूर्वाधार आयोजना र हुलाकी राजमार्ग पनि निर्माणको चरणमा रहेको छ। तथापि मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रमा निम्नानुसार चुनौती तथा सम्भावनाहरू रहेका छन्।

**६.३.१ चुनौतीहरू**

- मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु।

- सञ्चालनमा आएका कार्यकमका लागि पर्याप्त बजेट व्यवस्था गर्नु।

- पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गरी रोजगारी सिर्जना गर्नु।

- पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु।

- भारतीय सहयोगमा नेपाल रेलवे कम्पनीबाट जयनगर कुर्थासम्म सञ्चालन भईरहेको रेल सेवा सञ्चालन गर्न सेक्सन वर्कसप निमार्ण नभएकोले मर्मतको लागी भारतको भर पर्नुपर्ने, तालीम प्राप्त स्वदेशी चालक तथा स्टेशन मास्टर जस्ता जनशक्तिहरु नभएकोले महँगो भारतीय जनशक्तिमा भर पर्नुपर्ने, नेपालमा Fueling Centre नभएकोले भारतमा सो सेवा लिँदा चर्को सेवा शुल्क तिर्नु पर्ने भएकोले

ड्रममा बोकेर ल्याई इन्धन भर्नु पर्ने, Washingfeed (रेल धुने स्थान) नभएको, रेलको आकार (थोरै डब्बा) सानो भएकोले माग अनुसार सेवा दिन नसकेको जस्ता समस्याहरु समाधान गरी सहजरुपमा रेलसेवा सञ्चालन  गर्नु ।

- सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरूबाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।

- अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु ।

- मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको शीघ्र विस्तार तथा प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा सञ्चालन गर्नु,

- पूर्व-पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै सम्पन्न गर्नु ।

- निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मतसंभार गरी यसको दिगोपना कायम गर्नु ।

- प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।

- मधेश प्रदेशमा अनुकुल रहेका भौगोलिक स्वरुपको उपयोग गर्दै उत्पादनमुलक उद्योगहरूमा लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्नु ।

### ६.३.२ सम्भावनाहरु

- मधेश प्रदेशको भौगोलिक बनावट समतल भू-भाग रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तराष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकास हुन सक्ने सम्भावना रहेको छ । साथै, कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

- मधेश प्रदेशमा उपलब्ध भौगोलिक सुगमता तथा आर्थिक रुपले सक्रिय जनशक्तिको सदुपयोग गर्दै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

- पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धनमार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको छ ।

- समथल धरातलीय स्वरुप र भौगोलिक सुगमताको कारणले यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न र शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

- सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासको सदुपयोग गरी यहाँको जनसांख्यिकीय तथा भौगोलिक सुगमताको उच्चतम प्रयोग गरी औद्योगिक क्रियाकलापमार्फत आर्थिक बृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

- मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी, मधेश प्रदेशको पूर्वी सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके मधेश प्रदेशको कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ ।

- मधेश प्रदेशको राजधानी जनकपुरमा गुठी तथा सरकारी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमीनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको छ ।

# परिच्छेद-७ प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति

- आर्थिक वर्ष २०८०/०८१ का लागि मधेश प्रदेश सरकारले कुल रु.४४ अर्ब ११ करोड बजेट विनियोजन गरेकोमा आ.व. २०८०/०८१ मा रु.३१ अर्ब ३४ करोड ५४ लाख ३४ हजार खर्च भएको छ, जुन कुल विनियोजनको ७१.०५ प्रतिशत हुने संशोधित अनुमान छ । गत आर्थिक वर्षको सोही अवधिमा प्रदेश सरकारको कुल विनियोजित बजेट रु.४६ अर्व ८८ करोडमध्ये रु.२६ अर्व ८६ करोड ९८ लाख खर्च भएको थियो ।

- आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारले चालु खर्चतर्फ विनियोजन गरेको रु.१८ अर्ब ५४ करोडमध्ये रु.१५ अर्ब २२ करोड ५१ लाख ७४ हजार खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ८२.१२ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ५१.०५ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजन भएको रु.२५ अर्ब ५७ करोड ४६ लाखमध्ये रु.१६ अर्ब १२ करोड ०२ लाख ५० हजार खर्च भएको छ, जुन विनियोजन भएको पुँजीगत खर्चको ६३.०३ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ६२.३८ प्रतिशत रहेको थियो ।

- मधेश प्रदेश सरकारले आ.व.२०८०/८१ मा कर राजश्वबाट रु.१२ अर्ब ८३ करोड २३ लाख, अनुदानबाट रु.१३ अर्ब ३३ करोड ४० लाख, अन्य राजश्वबाट रु.१ अर्ब ३७ करोड ८४ लाख तथा विविध प्राप्तिबाट रु.८ अर्ब १० करोड २१ लाख संकलन हुने अनुमान गरेको छ । त्यसैगरी आन्तरीक ऋणबाट रु.२ अर्ब संकलन हुने अनुमान छ ।

- आ.व.२०८०/०८१ मा मधेश प्रदेश सरकारले संघीय सरकारबाट समपुरक, विशेष र सशर्त अनुदान गरी कुल रु.६ अर्ब ४ करोड प्राप्त गर्ने अनुमान गरेको छ । त्यसतै, आ.व.२०७९/८० मा कुल रु.३ अर्ब ५५ करोड यस्ता प्रकारको अनुदान प्राप्त गरेको थियो ।

## ७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आ.व.२०८०/०८१ मा यस आर्थिक गतिविधि अध्यन प्रतवेदनको लागि छनोट गरिएका मधेश प्रदेशका ५ वटा स्थानीय तहहरुले विनियोजित कुल बजेटको ६९.८७ प्रतिशत रकम खर्च गरेका छन जसमध्ये चालु खर्चतर्फ विनियोजित बजेटको ८२.७३ प्रतिशत र पुँजीगततर्फ ५०.७१ प्रतिशत रकम खर्च भएको छ । आ.व. २०७९/८० मा विनियोजित कुल बजेटको ७८.३० खर्च भएको थियो जसमध्ये चालुतर्फ ८८.७७ प्रतिशत र पुँजीगततर्फ ६४.४६ प्रतिशत रकम खर्च भएको थियो । समीक्षा वर्षमा स्थानीय तहहरुले गरेको कुल खर्च अघिल्लो वर्षको सोही वर्षको तुलनामा १०.३० प्रतिशतले घटेको देखिन्छ ।

**तलिका ७.१ मधेश प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति (रु. करोडमा)**

| शिर्षक | उप-शिर्षक | आ.ब २०७९/८० बजेट | | आ.ब २०८०/०८१ बजेट | | प्रगाति (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक (साउन-असार) | बजेट | वास्तविक (साउन-असार) | ७९/८० (साउन-असार) | ८०/८१ (साउन-असार) | वृद्धिदर |
| | **कुल खर्च** | **५८६।६०** | **४५९.३१** | **५८९.६७** | **४१२।००** | **७८.३०** | **६९.८७** | **-१०.३०** |
| **खर्च (रु.करोडमा)** | **चालु** | ३३३.९९ | २९६.४७ | ३५२.८२ | २९१.९० | ८८.७७ | ८२.७३ | -१८.०३ |
| | **पुँजीगत** | २५२.६१ | १६२.८४ | २३६.८५ | १२०.१० | ६४.४६ | ५०.७१ | -९.८६ |
| **राजस्व (रु.करोडमा)** | **कुल प्राप्ती** | **५७.९९** | **५५.३४** | **७४.४०** | **६१.४४** | **६५.६०** | **९१.१४** | **३८.९४** |
| | **कर** | ४५.३६ | ४६.११ | ६१.१७ | ५९.९१ | १०१.६५ | ९०.६३ | ७६.०५ |
| | **गैरकर** | १२.६३ | ९.२३ | १३.२३ | १.५३ | ७३.०८ | ७०.२२ | १.३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल अनुदान तथा हस्तान्तरण** | **३७४.३७** | **२५९.७७** | **२९५.५४** | **२२४.४६** | **६९.३९** | **७५.९५** | **०.७७** |
| **अनुदान तथा हस्तान्तरण (रु.करोडमा)** | **समानीकरण** | १०३.९५ | ७७.७१ | ९२.२५ | ६४.९६ | ७४.७६ | ७०.४२ | - ४.६३ |
| | **समपूरक** | ४.२० | ६.३१ | ६.८० | २.२८ | १५०.२४ | ३३.५३ | ५.८३ |
| | **विशेष** | ६९.७३ | ०.९९ | ७.६० | ३७३ | १.४२ | ४९.०८ | ४.३४ |
| | **सशर्त** | १९६.४९ | १७४.७६ | १८८.८९ | १५३.४९ | ८८.९४ | ८१.२६ | ०.५२ |
| | | | | | | | | |
| (मधेश प्रदेशस्थित जनकपुरधाम उप-महानगरपालिका, बर्दिबास, सप्तकोशी, सिरहा र हरिपुर नगरपालिकाको विनियोजित बजेट र वास्तविक उपलब्धीको अधारमा गरिएको विश्लेषण) | | | | | | | | |

(स्रोत : सम्बन्धित स्थानीय तह)

- मधेश प्रदेशका छनोट गरिएका स्थानीय तहहरुले आ.व.२०८०/८१ को समीक्षा अवधिमा अनुमानित राजस्वको ९१.१४ प्रतिशत रकम परिचालन गरेका छन् । उक्त राजस्व रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३८.९४ प्रतिशतले बढेको देखिन्छ ।

- आ.व.२०८०/८१ को समीक्षा अवधिमा स्थानीय तहहरुले अनुदान तथा हस्तान्तरणवापत अनुमान गरेको रकमको ७५.९५ प्रतिशत प्राप्ती गरेका छन् । उक्त रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.७७ प्रतिशतले बढेको देखिन्छ ।

# परिच्छेद-८ आर्थिक परिदृश्य

## ८.१ प्रदेशको आर्थिक परिदृश्य

प्रदेशको कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यावसायी तथा अन्य सरोकारवाला निकायहरूबाट प्रश्नावलीमार्फत प्राप्त भएका प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गरिएको छ । यस विश्लेषणका आधारमा मधेश प्रदेशमा कृषि र सेवा क्षेत्रको गतिविधि यस अवधिमा बढ्दै गएको तथा आगामी आर्थिक वर्षमा पनि बढ्ने अनुमान रहने देखिन्छ । आन्तरिक मागमा कमी आएका कारणले उद्योगक्षेत्रको गतिविधि यस आर्थिक वर्षमा पनि सुस्त रहको देखिन्छ । विकास निर्माणलगायत भौतिक पूर्वाधारको क्षेत्रमा लक्ष्य अनुरुप प्रगति भई पुँजीगत खर्च अपेक्षित रुपमा भएमा आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको आर्थिक वृद्धिदर सन्तोषजनक रहने अनुमान  छ ।

### ८.१.१ कृषि तथा वनजन्य उत्पादन

- मधेश प्रदेशमा खाध तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसालाले ढाकेको क्षेत्रफल वृद्धि भएको, सिचाईयोग्य जमीनको क्षेत्रफल विस्तार भएको र उन्नत बिऊ बिजनको प्रयोग बढेको भएतापनि प्रतिकुल मौसम तथा समयमा वर्षा नभएको कारणले खाध तथा अन्य बाली र तरकारी तथा बागवानीको उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा केही घटेको छ। समग्र कृषि बालीले ढाकेको क्षेत्रफल विस्तार भएको छ। मधेश प्रदेशका जिल्लाहरूको लागि ठूला सिञ्चाई आयोजनालगायत परम्परागत सिञ्चाईप्रणाली पनि विस्तार भइरहेकोले आगामी वर्षहरूमा सिञ्चाईको उपलब्धता सहज हुदैजाने, कृषि मल पर्याप्त मात्रामा उपलब्ध हुने, मौसम अनुकुल रही समयमा वर्षा भएकोले कृषि बालीको उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ ।
- "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" भन्ने अभियान सञ्चालन गरी किसानहरुलाई प्राङगारिक खेतीतर्फ आकर्षित गर्न माटो स्वास्थ्य सुधार र प्राङगारिक मल उत्पादन तथा वितरण कार्यक्रमको लागि प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि बजेट विनियोजन गरको कारणले माटोको उर्वराशक्तिमा सुधार आई कृषि उत्पादन बढ्ने देखिन्छ ।
- कृषि, पशुपन्छी र मत्स्य क्षेत्रको प्रवर्द्धनका लागि एक पालिका एक कृषि उत्कृष्टता केन्द्रको स्थापनाका लागि प्रदेश सरकारले रकम विनियोजन गरेको छ, जसले हाँस तथा कुखुरा पालन, बाख्रापालन व्यवसाय र माछापालन व्यवसायका लागि थप टेवा पुग्ने भएकाले आगामी दिनमा दूध, अण्डा, माछा तथा मासु उत्पादनमा सुधार हुने देखिन्छ ।
- सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत यो प्रदेशको धनुषा र बारा जिल्लालाई माछा पालन सुपरजोन, सिराहा, धनुषा र सर्लाही जिल्लालाई धान जोन; महोत्तरी, रौतहट र पर्सालाई तरकारी जोन; सिराहा र सप्तरीलाई आँपको जोन र रौतहट जिल्लालाई धानको बिऊ जोनको रुपमा घोषणा गरी विभिन्न किसिमका अनुदान, सहुलियत र किसानहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिरहेको हुँदा मधेश प्रदेशमा कृषि क्षेत्रको योगदान अगामी दिनमा क्रमश बढ्दै जाने देखिन्छ ।
- कृषि, पशुपन्छी तथा मत्स्यको उत्पादन र उत्पादकत्व वृद्धि गर्न र अनुदान कार्यक्रमलाई व्यवस्थित बनाउन एक पालिका एक एग्रोभेट संचालन गर्ने तथा कृषि र पशुपन्छीमा लाग्ने विभिन्न रोग/महामारी/किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शको व्यवस्था गरेकोले अगामी दिनमा कृषिको उत्पादन बढ्ने देखिन्छ ।
- प्रदेश बाली बिमा कार्यक्रम, कोल्ड स्टोर सहितको बजार मण्डी स्थापना, कृषि डिजिटलाइजेशन, च्याउ कार्यक्रमको लागि प्रदेशले आवश्यक रकम विनियोजन गरेकोले आउने दिनमा कृषहरुलाई आफ्नो उत्पादन बिक्री गर्न सजिलो हुने तथा बालीको बिमा भएकोले किसानहरुले बालीको हानी नोक्सानीको क्षतिपुर्ति पाउने भएकाले व्यवसाय थप प्रोत्साहित हुने देखिन्छ ।
- मधेश प्रदेश सरकारले कृषि प्रसार सेवाको पहुँच बढाउन किसानको वारी स्वयंसेवकको छहारीको सोचलाई सार्थक तुल्याउन प्रदेशभर ५०० महिला कृषि स्वयम सेविका परिचालन गर्ने भएकोले महिला कृषि उद्यमीको संख्या बढ्ने तथा कृषि उत्पादनमा यो प्रदेश आत्मनिर्भर बन्ने देखिन्छ ।

- निर्वाहमुखी कृषी प्रणालीलाई आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण र यान्त्रिकीकरणमा रुपान्तरण गरी किसानहरुको सहज बजार पहुँचका लागि कृषि सडकको निर्माण गर्ने योजना प्रदेश सरकारको रहेकोले अगामी दिनमा कुल ग्रार्हस्थ्य उत्पादनमा यस प्रदेशको भूमिका थप बढ्ने देखिन्छ ।
- धान, गहुँ, तेलहन, दलहनबालीको बिऊमा मधेश प्रदेशलाई आत्मनिर्भर बनाउन बिज बृद्धि कार्यक्रम परियोजनाको रुपमा संचालन गर्न "बिऊ बिजन आत्मनिर्भर" कार्यक्रमको लागि प्रदेश सरकारले बजेट विनियोजन गरेकोले अगामी दिनमा यस प्रदेशमा उन्नत खेती हुने देखिन्छ ।
- कृषिमा यन्त्र उपकरण प्रयोग, उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन प्रदेशिक कृषि औजार स्थापना तथा एक पालिका एक कृषि लाईब्रेरीको स्थापनाले स्थानीय किसानहरुले आधुनिक कृषि औजार सजिलै पाउने भएकोले यस प्रदेशमा कृषि आधुनिकीकरण बढ्नुको साथै कृषि उत्पादन बढ्ने देखिन्छ ।
- पशुहरुमा लाग्ने खोरेत रोगको कारणबाट वर्षेनी पशुधनमा क्षति पुग्ने गरेको तथा दूध मासुको गुणस्तरमा समेत प्रत्यक्ष असर पुऱ्याएको हुनाले निश्चित स्थानलाई Zoning / Compartmetalization निर्धारण गरी प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्दै प्रदेशलाई खोरेत रोग मुक्त क्षेत्र बनाउने योजना रहेकोले पशरपालन बढ्ने र दूध मासुको गुणस्तरमा वृद्धि हुने अनुमान छ ।

### ८.१.२ औद्योगिक उत्पादन तथा पर्यटन

- मधेश सरकारले मधेश प्रदेशका पर्यटकीय स्थलहरुको जानकारी समाग्रीहरु र खानेपानी शौचालय लगायतका सुविधाहरुको लागि पर्यटन सुचना केन्द्र तथा पर्यटक विश्रामस्थलहरुको लागि आवश्यक रकम विनियोजन गरेकोले यसले मधेश प्रदेशमा आउने आन्तरिक तथा बाहिरी पर्यटकहरुलाई आर्कषण गरी यस प्रदेशको आर्थिक गतिविधि र रोजगारीको अवसर बढ्ने सम्भावना देखिन्छ ।
- प्रदेश सरकारले पर्यटन क्षेत्रमा जनशक्ति विकासका लागि होटल व्यवस्थापन तालिम, टुर गाईड तालिम, होमस्टे तालिम सञ्चालन तथा होमस्टेका लागि प्रविधि हस्तातरण तथा साँस्कृतिक पर्यटनको लागि मिथिला साँस्कृतिक कार्यक्रम एवम् सामग्री प्रदान गर्न आर्थिक वर्ष २०८१/८२ मा बजेट विनियोजन गरेको छ। यस्ता कार्यक्रमबाट प्रदेशमा रोजगारीको थप अवसर सृजना गर्न सहयोग पुग्ने देखिन्छ ।
- विक्रम सम्बत् २०८२ लाई "घुमौ मधेश बुझौ मधेश" भन्ने मूल नाराका साथ मनाईने मधेश पर्यटन वर्षले आन्तरिक पर्यटकलाई आकर्षण गरी आउने समयमा यस प्रदेशको आर्थिक गतिविधि बढ्ने देखिन्छ ।
- औषधीजन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोग गत वर्षको तुलनामा घटेको छ । विप्रेषण आप्रवाहमा भएको वृद्धिको प्रभावस्वरुप वाह्य क्षेत्रतर्फको चालु खाता तथा शोधनान्तर स्थिति उल्लेख्य बचतमा रहेकाले तरलता स्थितिमा सुधार भई ब्याजदर घट्दो क्रममा रहेको हुँदा आगामी वर्षमा औद्योगिक क्षेत्रको क्षमता उपयोगमा क्रमशः सुधार आउने देखिन्छ ।
- प्रदेश सरकारले प्रदेश विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने एवम् मधेशमा उद्योगीमैत्री वातावरण सृजना गरी उद्योग र रोजगार अभिवृद्धि गर्न आवश्यक व्यवस्था गरेकोले अगामी दिनमा औद्योगिक उत्पादनमा सुधार आउने सम्भावना देखिन्छ ।
- यूवा स्वरोजगार अभिवृद्धि गर्न उद्यमशिलता तालिमसगैं स्टार्ट-अप पुँजी र सीप विकास तालिमको लागि मधेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा बजेट व्यवस्था गरेकोले व्यवसाय र रोजगारी प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ ।
- वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता आएका श्रमिकहरुले भित्रियाएका सीप, अनुभव, विप्रेषणको उचित प्रयोग गर्ने वातावरण तयार गर्नका लागि "स्वरोजगार कार्यक्रम" संचालन गर्नका लागि प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेटमा रकम विनियोजन गरेकोले यसले नयाँनयाँ साना व्यवसाय तथा उद्यम सन्चालनमा आई अगामी दिनमा थप रोजगारी तथा आर्थिक गतिविधि बढ्ने देखिन्छ ।
- लघु, घरेलु, साना, मझौला उद्यम व्यवसायमार्फत आन्तरिक स्वरोजगार प्रवर्द्धन गर्ने उदेश्यले प्रदेश सरकारले "मधेश स्टार्ट-अप र नवप्रवर्तन केन्द्र" स्थापनाका लागि आर्थिक वर्ष २०८१/८२ को बजेटमा रु.१५ करोड

विनियोजन गरेको छ, जसले उद्यमी/व्यवसायीहरुको व्यवसायको सुरुवाती जोखिम न्युन गर्ने हुदाँ प्रदेशमा नयाँ उद्योगधन्दा/व्यवसायहरु सन्चालनमा ल्याउन सहयोग पुग्ने देखिन्छ ।

### ८.१.३ सेवा क्षेत्र

आर्थिक वर्ष २०८०/०८१ तथा आगामी वर्षमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै जाने अनुमान छ । कोभिड-१९ को संक्रमण समाप्त भएसँगै होटल तथा रेष्टुरेन्टहरूको व्यवसाय विस्तार हुन थालेको, आन्तरिक पर्यटनसम्बन्धी गतिविधि बढ्न थालेको, हवाई तथा स्थलमार्गका यात्रु संख्या बढेको, भारत तथा तेश्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, स्वास्थ्य संस्थाहरू पूर्ण रुपमा सञ्चालन हुन थालेको, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएकोले यस आर्थिक वर्षमा सुधार भएको छ । आगामी आर्थिक वर्षमा पनि सेवा क्षेत्रको आर्थिक वृद्धिमा योगदान बढ्ने अनुमान छ । मधेश प्रदेशमा निर्मित भरत तालले स्वदेशी तथा भारतीय पर्यटकहरू आकर्षित गरेको छ । जयनगर-जनकपुर-कुर्था रेल्वे विस्तार हुँदै भंगहासम्म सञ्चालन भएकोले मधेश प्रदेशमा यातायात तथा पर्यटन सेवाको विस्तारमा टेवा पुगेको छ । पूर्व-पश्चिम (महेन्द्र) राजमार्गअन्तर्गत सिराहा-सप्तरी खण्डको विस्तार गर्ने कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ भने मुख्य सहरहरु सफा राख्ने कार्यले प्राथमिकता पाएको छ । यसर्थ, आगामी दिनहरुमा मधेश प्रदेशमा यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य तथा वित्तीय सेवामा थप विस्तार आउने अनुमान छ ।

### ८.१.४ पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार क्षेत्रअन्तर्गत जयनगर भंगहा रेल्वे सञ्चालनमा आई बर्दिवाससम्मको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको छ। हुलाकी राजमार्गको बाँकी काम निर्माणको क्रममा रहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको काम अगाडि बढ्न थालेको छ । पूर्व-पश्चिम (महेन्द्र) राजमार्गअन्तर्गत सिराहा-सप्तरी खण्डको विस्तार गर्ने कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ । त्यसतै, सुनकोशी मरिन डाईभर्शन परियोजनाको काम अघि बढिरहेको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत कमला-पथलैया खण्डको राजमार्ग विस्तारको लागि संघीय बजेटमा रकम विनियोजन भएको छ, यसबाट आगामी आर्थिक वर्षहरूमा पूर्वाधारको क्षेत्रमा थप प्रगति हुने देखिन्छ ।